# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्राणीले बाँच्नका लागि आफूलाई समय, परिस्थिति र स्थानसापेक्ष समायोजन गर्नुपर्ने हुन्छ । मानिसले बाँच्नका लागि देखेर, सुनेर, भोगेर र पढेर आफूलाई वातावरणअनुकूल परिवर्तन गर्दछ र अनुभव बटुल्दै व्यवहारमा परिवर्तन गर्दछ, जसलाई शिक्षा भनिन्छ । महात्मा गान्धीका अनुसार व्यक्तिलाई वंशज र वातावरणले दिएको सुसुप्त अवस्थामा रहेको ज्ञानलाई प्रस्फुटन गराउने साधन नै शिक्षा हो (शर्मा, २०५८) । तबमात्र मानिस आफूलाई वातावरणसँग समायोजन गर्न सक्षम हुन्छ ।

शिक्षा विकाससम्बन्धी विश्वमानचित्रलाई हेर्दा प्राचीन कालदेखि आजको विज्ञान तथा प्रविधिको युगसम्म आइपुग्दा सोक्रेट्स, कन्फ्युसियस, अरस्तु, प्लेटो, रुसो, मन्टेस्वरी, फ्रोवेल, गान्धी र बुद्धको शिक्षा विकासमा महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । शिक्षाको सुरुवात सर्वप्रथम सन् ७३५ मा ग्रिसबाट भएको थियो । विस्तारै पाण्डित्यवाद, पुनर्जागरण युग हुँदै आधुनिक युग आयो । एसियामा शिक्षाको विकास २५ सय वर्ष पहिले गान्धरा (अफगानिस्तान) बाट तक्षशीला विश्वविद्यालयको स्थापनासँगै भएको पाइन्छ (ऐ.) । यसरी शिक्षामा भएको क्रमिक विकासले अहिले आधुनिकतासम्म फड्को मारिसकेको छ ।

नेपालको सन्दर्भमा विगतदेखि वर्तमानसम्मको शिक्षा विकासलाई हेर्दा लिच्छवी र मल्लकालबाट प्रारम्भिक अवस्थाको शिक्षाको सुरुवात भएको पाइन्छ । तत्कालीन अवस्थामा सुरु भएको गुरुकुलीन शिक्षा विशेषतः धर्मप्रधान थियो तैपनि व्यावसायिक रूपमा कर्मकाण्ड, ज्योतिषशास्त्रको साथै कला र संस्कृतिको समेत विकास भएको पाइन्छ (ऐ.) ।

पृथ्वीनारायण शाहको सम्पूर्ण जीवन नेपालको एकीकरण गर्ने कार्यमा बितेकाले शिक्षाको क्षेत्रका खासै ध्यान जान सकेन यद्यपि व्यावसायिक र सैन्य शिक्षा दिने काम भने उनले पनि गरेका थिए (अधिकारी, २०६९) । १०४ बर्से राणाशासनलाई शिक्षाविरोधी काल भनिन्छ किनभने त्यतिबेला शिक्षाको विकास मन्द गतिमा भयो र नागरिकहरू शैक्षिक व्यवस्थाबाट खासै लाभान्वित हुन सकेनन् । तथापि नेपालमा आधुनिक शिक्षाको सुरुवात वि.सं. १९१० असोज १०

गते दरबार हाइस्कुलको स्थापनाबाट भयो । शिक्षाप्रेमी तथा उदारवादी राणा प्रधानमन्त्री देवसमसेरले काठमाडौं उपत्यकाभित्र १५० र बाहिर १०० गरी २५० वटा पाठशालाहरू खोल्ने काम गरे । वि.सं. १९७५ मा त्रिचन्द्र कलेजको स्थापना भयो र वि.सं. १९९६ मा श्री ३ जुद्धसमसेरले शिक्षाको इस्तिहार जारी गरेपछि विद्यालय खोल्ने लहर नै चल्यो (शर्मा, २०५७) । राणा शासनको अन्त्यसम्ममा आइपुग्दा नेपालमा पनि सुस्त गतिमा शिक्षाको विकास हुँदै आएको देखिन्छ ।

नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्र आएपछि शिक्षाको विकासले तीव्रता पाएको हो । नेपालमा वि.सं. २०११ मा राष्ट्रिय शिक्षा योजना आयोग, वि.सं. २०१७ मा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति, वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना, वि.सं. २०४९ मा राष्ट्रिय शिक्षा आयोग, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग-२०५५ हुँदै उच्चस्तरीय कार्यसमिति-२०५८ सम्म नेपालमा शिक्षा ऐन र नियमावली बन्दै संशोधन हुँदै र कार्यान्वयन हुँदै आएका छन् (अधिकारी, २०६६) । प्रजातान्त्रिक काल र पञ्चायत कालमा शिक्षासम्बन्धी नीति-निर्माण भएकोले यसलाई शिक्षा विकासको समयका रूपमा लिन सकिन्छ ।

यस्तै प्रजातन्त्रको पुनर्बहालीपछि नेपाल अधिराज्यको संविधान २०४७ द्वारा सुरक्षित मानवअधिकार तथा प्रजातान्त्रिक मूल्यमान्यताका साथै सामाजिक न्याय, शिक्षामा समान अवसर र शिक्षासम्बन्धी विश्व शिखर सम्मेलन-१९९० द्वारा पारित 'सबैका लागि शिक्षा'लाई मनन गरी विगतका कमीकमजोरीलाई निराकरण गर्न नेपाल सरकारले २०४७ साल फागुन १४ गते राष्ट्रिय शिक्षा आयोगको गठन गरेको थियो ।

सामाजिक, आर्थिक, भाषिक, सांस्कृतिक, शारीरिक र लैङ्गिक विविधता बोकेका सबै व्यक्ति र समूहलाई पहुँचमा वृद्धि गर्न सहभागिता तथा उपलब्धिमा समता एवम् समानता कायम गर्ने प्रणाली समाहित हो भने बालबालिकाहरूका लागि विभेदरहित वातावरणमा बहुसांस्कृतिक भिन्नतालाई सम्मान गर्दै शिक्षा हासिल गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक पद्धतिलाई समाहित शिक्षा भनिन्छ (कार्की तथा साथीहरू, २०६९) । माथि उल्लिखित सबैलाई सम्बोधन गर्ने गरी दिइने शिक्षा नै समाहित शिक्षा हो ।

समाहित शिक्षा भन्नाले क्षेत्र, वर्ग, जाति, लिङ्ग, धर्म, भाषा, संस्कृति, अपाङ्ग, सबलाङ्ग सबैको पहुँच पुग्ने गरी समाहित शिक्षासम्बन्धी समूहको पहिचान गरेर उनीहरूलाई

अनुकूल हुने शिक्षा दिनु र अधिकतम शैक्षिक उपलब्धि हासिल गर्नु भन्ने बुझिन्छ (कट्टेल, २०६५) । समाहित शिक्षाले समाजमा आर्थिक, समाजिक, शैक्षिक, भाषिक तथा जनचेतना र अन्य विविध कारणले पछाडि पारिएका समुदायका बालबालिकालाई शिक्षामा सहभागी गराउन मद्दत गरेको हुन्छ ।

अन्तरराष्ट्रिय सम्मेलनहरू र तिनले जारी गरेका घोषणापत्रले समाहित शिक्षासम्बन्धी छलफल र यसको धारणालाई अगाडि बढाएका छन् । खासगरी बालअधिकारसम्बन्धी सम्मेलन-१९८९, सबैको लागि शिक्षासम्बन्धी विश्व सम्मेलनको घोषणापत्र १९९० र विशेष आवश्यकता शिक्षासम्बन्धी डकार कार्यढाँचा २००० घोषणापत्रहरूले शिक्षालाई आधारभूत मानव अधिकारका रूपमा स्विकार्दै समाजका सबै मानिसहरूलाई शिक्षा प्रदान गर्न समाहित शिक्षालाई उत्कृष्ट शिक्षा हो भनी जोड दिएका छन् (सिंह, २०६४) ।

समाहित शिक्षाका सम्बन्धमा स्पेनको सालामाङ्कामा सन् १९९४ मा भएको विश्वसम्मेलनको घोषणाअघि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार विशेष शिक्षा केन्द्रित थियो । सो सम्मेलनको घोषणापछि यही अवधारणाले समाहित शिक्षाको नाम पाएको छ र वर्तमान समयमा विशेष शिक्षा भन्नुको सट्टा विशेष आवश्यकता भएका सिकारुका लागि विशेष जोड दिई सञ्चालन गरिने शैक्षिक कार्यक्रमलाई समाहित शिक्षा भनेर चिनिन्छ ( अधिकारी, २०६९) ।

सालामाङ्कामा भएको सम्मेलनले शिक्षामा समाहितीकरणको अवधारणालाई अघि बढाएको छ । यसले समाहित शिक्षा भनेको अपाङ्गता भएका व्यक्तिमात्र नभई अन्य विविधता बोकेकाहरू पनि समाहित गर्नु भन्ने बुझाउँछ । फलस्वरूप पहिलेको विशेष शिक्षाअनुरूप अपाङ्गहरूको लागि मात्र केन्द्रित गरिने कार्यक्रमहरूमा परिमार्जन गरी समाहित शिक्षाका नामले कार्यक्रम सञ्चालन गर्न थालिएको छ । प्रस्तुत अवधारणाले अपाङ्गता भएका व्यक्तिहरूका अतिरिक्त समाजमा अन्य विविध कारणले पछाडि पारिएका समूह वा वर्ग विशेषलाई समेत समावेश गरी सञ्चालन गरिने शैक्षिक कार्यक्रमको विकास भएको छ ।

सालामाङ्का सम्मेलनको घोषणापत्रअनुसार समाहित शिक्षा भनेको विनाभेदभाव सबै बालबालिकालाई विद्यालयमा समानरूपले शिक्षा प्रदान गर्नु हो । हरेकले 'सबैका लागि विद्यालय' भन्ने धारणालाई अगाडि बढाउनु हो । 'सबैले शिक्षाबाट वञ्चित हुनु नपर्ने' नै समाहित

शिक्षाको मुख्य उद्देश्य हो । भौगोलिक अवस्था, विकट परिवेश, धार्मिक विविधता, सांस्कृतिक विविधता, सामाजिक विविधता, भाषिक विविधता र पितृसत्तात्मक सोचका कारण नेपाली समाजका सबै बालबालिकाहरू अझै पनि विद्यालय जान सकेका छैनन् (खनाल, २०६३) । यसरी कुनै पनि प्रकृतिका बालबालिका शिक्षा प्राप्तीको अवसरबाट बाहिर नरहून् भन्नका लागि समाहित शिक्षाले विशेष भूमिका खेलेको छ ।

सालामाङ्का सम्मेलन १९९४ ले समाहित शिक्षालाई सामाजिक र आर्थिक रूपले पछाडि परेका, हेपिएका र शिक्षाको अवसरबाट वञ्चित भएका समूहका बालबालिकाहरूको सिकाइ आवश्यकतालाई सम्बोधन गर्ने शिक्षाप्रणालीको रूपमा अङ्गीकार गरेको पाइन्छ । सोही भेलाले विशेष सिकाइको आवश्यकता भएका बालबालिकाको पहुँच विद्यालयमा नियमित हुनुपर्दछ र ती विद्यालयहरूले बालकेन्द्रित शिक्षण विधिद्वारा विभिन्न रुचि, क्षमता र सिकाइ आवश्यकता भएका बालबालिकालाई समाहित गर्न सक्नुपर्छ भनेको छ (सिंह, २०६४) ।

थोमस एटल १९९८, फ्रेडरिक सन एन्ड एलाइन २००२ का अनुसार अन्धा, बहिरा वा अपाङ्गहरू र मानसिकरूपले सुस्त बालबालिकाको सिकाइसम्बन्धी अनुसन्धानबाट विशेष सिकाइ समस्या भएका बालबालिकालाई छुट्टै विद्यालयमा राखेर पढाउनुभन्दा विद्यायलयमा अन्य सामान्य विद्यार्थीसँग नियमित पढाउँदा उनीहरूको सिकाइ बढी प्रभावकारी भएको छ (ऐ.) ।

नेपालको सन्दर्भमा बालअधिकारसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन सन् १९८९ देखि सबैका लागि शिक्षासम्बन्धी डकार कार्यढाँचा सन् २००० सम्मका अन्तरराष्ट्रिय घोषणापत्रहरूमा हस्ताक्षर गरिएको र सन् २०१५ सम्ममा सबैका लागि शिक्षा प्रदान गर्ने लक्ष्यसमेत निर्धारण गरी त्यसको लागि सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजनासमेत तयार भइसकेको अवस्थामा अझैसम्म पनि २० प्रतिशत बालबालिका कक्षा १ मा भर्ना गर्न बाँकी छन् । शिक्षाको अवसरबाट वञ्चित समूहमा विशेष गरी बालिकाहरू, दलित, पिछडिएको, गरिब वर्ग तथा अपाङ्गता भएका बालबालिकाहरू रहेको पाइन्छन् (सिंह, २०६४) । समाहित शिक्षा सबै बालबालिकाले आफ्नो समुदायमा अनिवार्य शिक्षा पाउने अधिकारको सुनिश्चित गर्ने प्रक्रिया हो जसले विभेदरहित शैक्षिक वातावरणको सिर्जना गर्नुको साथै जातजाति, धर्म, लिङ्ग,

अपाङ्गताजस्ता विषयहरूलाई विद्यालयका विविधता र सांस्कृतिक सम्पदाको रूपमा स्थापित गरेको हुन्छ (अधिकारी, २०६९) ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ मा समानताको हक र धारा १७ मा शिक्षालाई न्यायिक अधिकारको रूपमा समावेश गरिएको छ । महिला, पुरुष, जातजाति, धनी र गरिबबीचको विभेद नगर्ने रूपमा शिक्षालाई अङ्गीकार गरेको पाइन्छ । विश्वव्यापी न्यायिक मान्यतालाई स्थापित गर्न शिक्षालाई समानताको अधिकारका रूपमा राज्यको दायित्वभित्र समावेश गरिएको पाइन्छ (शर्मा, २०६९) । राज्यले नागरिकप्रति पालन गर्नुपर्ने विशेष जिम्मेवारीअन्तर्गत सबै जनताप्रति विभेदरहित अवसरको सिर्जना र सोको प्रत्याभूत गर्ने कार्यको स्थापना गर्नेतर्फ संविधानमा माथि उल्लिखित प्रावधान समावेश गरेको देखिन्छ ।

समाहित शिक्षाको परिभाषालाई आफ्नै परिवेशअनुसार सबैले बुझ्नसक्ने तरिकाले शिक्षा विभागले परिभाषित गरेको छ । समाहित शिक्षा बालबालिकाको लागि विभेदरहित वातावरणमा बहुसांस्कृतिक भिन्नतालाई सम्मान गर्दै आफ्नै समुदायमा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने पद्धति हो (तिवारी, २०६६) । त्यसैगरी यसले कुनै पनि परिस्थितिजन्य कारणले शैक्षिक अवसरबाट वञ्चित बालबालिकालाई विद्यालय ल्याउन र विद्यालयमा रहेर पनि आवश्यकता अनुकूल उपयुक्त वातावरण तयार गर्नु र सहयोगको अभावमा विद्यालय छोड्ने खतरामा परेका बालबालिकालाई उनीहरूको सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकता पूर्तिको लागि बालकेन्द्रित प्रक्रिया अवलम्बन गर्न प्रोत्साहित गर्दछ । माथिको परिभाषाले शिक्षालाई हरेक बालबालिकाको अधिकार हो र हरेक बालबालिकाले विद्यालय जान पाउनुपर्छ भन्ने जनाउँदछ । बालबालिकाले विद्यालयमा आफ्ना आवश्यकताका कुराहरू सिक्न पाउनुपर्छ र पाठचक्रमले सबै बालबालिकाको अवश्यकता समेट्ने ठाउँ दिनुपर्दछ । विद्यालयको वातावरण सबै बालबालिकाको सिकाइ सहज हुने बालमैत्री हुनुपर्दछ । यस्तो शैक्षिक पद्धति भएमा सबै बालबालिकाले सिक्न सक्दछन्, पायकको विद्यालयमा भर्ना भएर विद्यालय शिक्षामा सहभागी हुन सक्दछन् ।

समाहित शिक्षाको आधारभूत सैद्धान्तिक मान्यता भनेको लैङ्गिक, सामाजिक, आर्थिक, जातीय, धार्मिक, भाषिक, सांस्कृतिक र अपाङ्गताका आधारमा कुनै भेदभाव नराखी समाजका सबै बालबालिकालाई विद्यालयमा नियमितरूपमा सँगै राखेर सम्भव भएसम्मका शिक्षण सिकाइ

क्रियाकलाप गराउनु र त्यसरी सम्भव नहुने खासखास क्रियाकलापहरू चाहिँ छुट्टाछुट्टै गराउनु भन्ने हो (सिंह, २०६४)।

सन् १९९२ देखि आधारभूत शिक्षा परियोजना पहिलो कास्की र चितवनमा सञ्चालन भएको थियो। सो परियोजनाको उपलब्धिका रूपमा सबैका लागि शिक्षा प्राप्त गर्न सन् १९९९ मा शिक्षा विभागको स्थापनापछि आधारभूत शिक्षा कार्यक्रम दोस्रो (१९९९-२००३) कार्यान्वयनमा आएको थियो। वि.सं. २०३० सालदेखि नै लागू भएको शारीरिक र मानसिक रूपले अशक्त बालबालिकाको शिक्षाको लागि सञ्चालित विशेष शिक्षा कार्यक्रमसमेतलाई समेट्दै हाल सञ्चालित सबैका लागि शिक्षा (२००४-२००९) को कार्यक्रममा समाहित शिक्षालाई विशेष स्थान दिइएको छ (कट्टेल, २०६५)।

समाहित शिक्षाका सन्दर्भमा व्यक्त भएका विचारका आधारमा समाहित शिक्षा त्यो विषय हो, जसले विशेष परिवेशमा कुनै कारणले अवसरबाट वञ्चित बालबालिकाको आफ्नो समुदायमा शिक्षा पाउने अधिकारलाई स्वीकार गर्दछ। सबैले सिक्न सक्छन् र सबै बालबालिका भिन्न छन् भन्ने कुरालाई समाहित शिक्षाले स्विकार्छ। समाहित शिक्षा एक फराकिलो रणनीति हो। यसले विद्यालयमा समुदायको स्वामित्वलाई महत्त्व दिँदै बालबालिकाका आवश्यकताअनुरूप उपयुक्त वातावरण र सहयोग पाएमा सबैले सिक्न सक्छन् भन्ने मान्यतामा विश्वास गर्दछ। समाहित शिक्षा पद्धतिले राष्ट्र तथा स्थानीय तहमा कुनै पनि परिस्थितिको कारणले शैक्षिक अवसरबाट वञ्चित रहेका एवम् विद्यालयमा आवश्यकताअनुरूप उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छाड्ने खतरामा परेका बालबालिकाको सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकतालाई पूरा गर्न बालकेन्द्रित सिकाइ प्रक्रिया अवलम्बन गर्न प्रोत्साहित गर्दछ। समाहित शिक्षाले समुदायका अपाङ्ग, दलित, पिछडिएका र जनजाति बालबालिकालाई विद्यालय आउने वातावरण तयार गर्न मद्दत गर्दछ।

फरक रुचि, क्षमता र सिकाइ आवश्यकता भएका बालबालिकालाई शिक्षाले समाहित गर्न सक्नुपर्छ। विद्यालयले सबै बालबालिकाहरू विद्यालय आएर पढ्ने वातावरण तयार गर्नुपर्छ। विद्यालयमा समाहित शिक्षा लागू भएमा प्राथमिक विद्यालय शिक्षा प्रभावकारी हुन्छ।

## १.२ समस्याको कथन

देशमा अझ पनि थुप्रै बालबालिका शिक्षाको उज्यालो घामबाट वञ्चित छन् । कपी, किताब, कलम बोकेर विद्यालयको रमाइलो वातावरणमा हुर्कनु, खेल्नु र रमाउनु पर्ने केटाकेटीहरू घाँस, दाउरा, पानी, खेतीपाती, श्रमिक, भरिया भएर जीवन बिताउन बाध्य छन् । यसो हुनुमा धेरै कारणहरू छन् । जस्तै : आर्थिक, सामाजिक, पारिवारिक, सांस्कृतिक, भौगोलिक । विद्यालय गएका बालबालिकाले पनि उनीहरूको इच्छा, चाहना र आवश्यकताअनुरूप शिक्षा प्राप्त गर्न सकिरहेका छैनन् (ढकाल, कोइराला २०६३) ।

अपाङ्ग अर्थात् शारीरिक रूपले कमजोर विद्यार्थीहरू विद्यालय गए तापनि उनीहरूले स्तरअनुरूपको शिक्षा प्राप्त गर्न सकिरहेका छैनन् । समुदायका सबै बालबालिकालाई अझ पनि शिक्षाको मूलधारमा ल्याउन सकेको देखिँदैन । सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरू प्रायः दलित, सीमान्तकृत, आदिवासी, जनजाति समुदायका रहेका छन् । पढाइमा बालबालिकाहरू तीव्र, मध्यम र कमजोर हुन्छन् । उनीहरूलाई एकै ठाउँमा राखेर एउटै माध्यमबाट शिक्षण गर्दै आएको पाइन्छ । प्रत्येकको मनोभावना बुझी उनीहरूको चाहनाअनुरूपको शिक्षा प्रदान गर्ने गरेको पाइँदैन (शर्मा एन्ड शर्मा २०६६) । सामुदायिक विद्यालयको शिक्षामा समाहित शिक्षाको अवस्था अपेक्षित राम्रो हुन सकेको छैन । यसमा समाजिक, सांस्कृतिक, आर्थिक, भाषिक व्यवधानहरू देखिएका छन् । तसर्थ प्रस्तुत सामुदायिक विद्यलयमा समावेशी शिक्षाको व्यावस्थापन शीषर्कको अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा प्राप्त गर्नु हरेक बालबालिकाको नैसर्गिक अधिकार हो । शिक्षाविना सभ्य समाजको निर्माणसम्भव छैन । त्यसैले शिक्षामा सबैको समान सहभागिता हुन आवश्यक छ । सामुदायिक विद्यालयको शिक्षा समाजको आधारभूत शिक्षा भएकोले सबै बालबालिकालाई शिक्षा प्राप्तिमा समान सहभागिता गराएर लैजानुपर्ने आवश्यकता विद्यालयमा देखिन्छ । सबैलाई शिक्षा प्रदान गर्नका लागि सरकारी तथा गैरसरकारी सङ्घसंस्थाले पनि आधारभूत तथा प्राथमिक शिक्षामा लगानी गरिरहेका छन् । अझसम्म पनि बालबालिकाहरू विद्यालयमा सहभागी

हुनसकेको देखिँदैन । (शर्मा एण्ड शर्मा २०६६) देशको शैक्षिक विकासका लागि केन्द्रस्तरमा शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्लास्तरमा जिल्ला शिक्षा कार्यालय, इलाका स्तरमा स्रोतकेन्द्र र त्यसपछि स्थानीय स्तरमा विद्यालय रहने व्यवस्था गरिएको छ । कुनै पनि समाजको विकास त्यस समाजमा उपलब्ध शैक्षिक सुविधामा निर्भर गर्दछ । तसर्थ हरेक समाजले आफ्नो समाजमा शैक्षिक विकासका लागि विद्यालयहरू स्थापना र सञ्चालन गरेका हुन्छन् । त्यस विद्यालयमा समुदायका बालबालिकालाई उचित शिक्षा प्रदान गर्नुपर्ने हुन्छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक मानिसको बसोबास भएको मुलुक हो । यहाँ भौगोलिक, सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक विविधता छ । विद्यालयमा रहेका दलित, जनजाति, पिछडिएका बालबालिकाले सर्वसुलभ रूपमा शिक्षा प्राप्त गर्न पाएका छन् वा छैनन् भन्ने विषयमा यस अध्ययनले शिक्षकलाई शिक्षण कार्यमा अनुसन्धान गर्न सहयोग पुऱ्याउँछ । साथै दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाले शिक्षा प्राप्त गर्न सकेका छन् वा छैनन् । उनीहरूको शैक्षिक स्तर कस्तो छ भन्ने बारेमा प्रस्ट पार्न यस अध्ययनले सहयोग पुऱ्याउँछ । यस अध्ययनबाट समाजमा रहेका बालबालिकाको वर्तमान अवस्थाको सूचनाको आधारमा शैक्षिक संगठनलाई योजना नीति निर्माण र कार्यान्वयनमा सहयोग पुग्छ । यसबाट समाहित शिक्षाको क्षेत्रमा ज्ञान थप्न मद्दत पुग्नेछ । यस अध्ययनबाट शैक्षिक समस्या पहिल्याउन तथा समाधानका लागि नयाँ तथ्य सिद्धान्त प्रतिपादन गर्न शैक्षिक क्षेत्रमा थप योगदान पुग्नेछ । समाहित शिक्षाको आवश्यकता भएका बालबालिकाको शैक्षिक विकास गर्ने सन्दर्भमा शिक्षक र प्रशासकलाई यस अध्ययनले अनुसन्धान कार्यमा सहयोग पुऱ्याउँछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनमा निम्नलिखित उद्देश्य रहेका छन् :

१) सामुदायिक विद्यालयको समावेशी शिक्षाको व्यवस्थापनको विश्लेषण गर्नु ।

२) सामुदायिक विद्यालयमा समावेशी शिक्षाका चुनौतीहरू खोजी गर्नु ।

३) सामसदायीक विद्यालयको समावेशी शिक्षाको व्यवस्थापनमा देखापरेको पत्तालगाउने ।

४) समावेशी शिक्षा व्यवस्थापनमा देखिएका समस्याहरु समाधानका उपायहरु सुल्झाउनु ।

### १.५ अनुसन्धानात्मक प्रश्नहरू

माथि उल्लिखित उद्देश्य पूरा गर्न निम्न लिखित अनुसन्धानात्मक प्रश्न रहेका छन् :

१) समाहित शिक्षा लागू गरिएका विद्यालयमा कक्षा व्यवस्थापन कस्तो छ ?

२) कक्षा सञ्चालन कसरी गरिएको छ ?

३) विद्यालयको शैक्षिक वातावरण कस्तो छ ?

४) समाहित शिक्षा सञ्चालनका चुनौतीहरू केके हुन् ?

५) उक्त चुनौती समाधान गर्ने तरिकाहरू के-के हुन् ?

### १.६ अध्ययनका परिसीमा

हरेक अध्ययनका आ-आफ्नै सीमा र परिसीमा रहेका हुन्छन् । यो अध्ययन प्राथमिक तहमा समाहित शिक्षा विषयमा केन्द्रित गरिएको छ । यो अध्ययनमा सीमित स्रोतसाधनका कारणले मारङ जिल्लाको सुकुना स्रोत केन्द्रका विद्यालयहरू र ती विद्यालयका विद्यार्थी, प्रधानाध्यापक, शिक्षक तथा अभिभावकमा सीमित गरिएको छ । प्राथमिक तहमा समाहित शिक्षाको अवस्थासँग अध्ययन केन्द्रित गरिएको छ । विद्यालयका दलित, पिछडिएका, अपाङ्ग र जनजाति बालबालिकाको शैक्षिक अवस्था, भर्ना स्थिति, नियमितता, बसाइ व्यवस्थापन, उनीहरूलाई शिक्षकले गर्ने व्यवहार, शिक्षण विधि र भाषामा केन्द्रित रहेर यो अनुसन्धान गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

विगतले वर्तमानलाई मार्गदर्शन गर्छ । विगतमा भए गरेका कार्यहरूको लेखाजोखा गरी वर्तमानका लागि गरिने कार्ययोजना उद्देश्य प्राप्तीका लागि बढी सान्दर्भिक हुन्छ । त्यसैले अनुसन्धानकर्ताको लागि विगतमा गरिएका पूर्वसामग्रीको अध्ययन र समीक्षा वर्तमान अध्ययनको लागि महत्त्वपूर्ण हुन्छ । यस अध्ययनलाई सम्बन्धित सामग्रीको पुनरावलोकन गरिनुका साथै सैद्धान्तिक खाकामार्फत अध्ययनलाई प्रस्ट गरिएको छ । समाहित शिक्षासम्बन्धी अध्ययन-अनुसन्धान, लेख-रचना एवम् दस्तावेजको अध्ययन गरी त्यसबाट प्राप्त जानकारीलाई क्रमिक रूपमा सङ्गठित गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

नेपालमा विद्यालय शैक्षिक कार्यक्रमअन्तर्गत अर्को नयाँ शिक्षाको पनि सुरुवात भएको छ, त्यो हो समाहित शिक्षा । जसको प्रमुख उद्देश्य बालबालिकालाई आधारभूत शिक्षा दिलाउनु हो । यसका साथै यो शिक्षा विशेष अवस्थाका तथा तल्लो जातिका बालबालिकाहरूका लागि स्थापित भएको छ । यो समाहित शिक्षाले शिक्षाबाट वञ्चित भएका बालबालिकालाई शिक्षातिर अग्रसर गराउन विशेष जोड दिएको छ । साथै विभिन्न कारणहरूले बीचैमा छाड्नेहरूको पढाइलाई निरन्तरता दिन पनि यो समाहित शिक्षा लागू गरिएको थियो, जसमा ७५ प्रतिशत बालबालिकाहरू रहेको तथ्याङ्कले स्पष्ट पारेको छ किने (सन् २००६) ।

शिक्षामा समानता कम हुनुमा विभिन्न प्रकारका तत्त्वहरू रहेका छन् । तीमध्ये सामाजिक असमानता र गरिबी महत्त्वपूर्ण चुनौतीहरू हुन् । यसका साथै लैङ्गिक तथा जातीय भेदभाव पनि समाजलाई शिक्षाबाट पछाडि धकेल्ने कारणको रूपमा रहेको छ । एड्सपीडित र द्वन्द्वबाट विस्थापित भएका बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएका छन् । यी चुनौतीहरू देखिनुका प्रमुख कारणहरू कमजोर सरकार, असङ्गठित सरकारी नीति र विभिन्न दातृ निकायबीचको सम्बन्ध राम्रो नहुनु मुख्य हुन् । तर अहिले समाजका शिक्षित वर्गले यो

समस्यालाई आत्मसात गरी समाजका हरेक पक्षमा सुधारको तरिकाहरू अपनाइरहेको पाइन्छ आचार्य (२००७) ।

प्रा.वि. तहमा शिक्षाको पेसागत दक्षतामा विद्यार्थीको सक्रियता बढाउन प्रोत्साहनमा जोड दिनुपर्छ । जसको कारण विद्यार्थीमा सिक्ने जिज्ञासा बढ्छ र उनीहरूले अझ राम्रो गर्न सक्छन् । गृहकार्य तथा कक्षाकार्य राम्रो गरेमा राम्रो, धेरै राम्रो, अति राम्रो र आधा सही हुँदा ठीक भन्ने तर अलिकतिमात्र मिलाएपछि राम्रो गर, अलिक कोसिस गर भनी पुनर्बलसहित शाब्दिक पुरस्कारले हौसला बढाउने गर्नु पर्दछ । तर यति सजिलो पनि आउँदैन, २० औँ पटक सिकाउँदा पनि नजान्ने भनी हतोत्साहित हुनेगरी हप्काउनु हुँदैन । गृहकार्य दिँदा ठीक र सहज हुनेगरी दिनुपर्दछ । सुधारात्मक तथा विद्यार्थीको स्वाभिमानमा आँच नआउने गरी दिएको दण्डबाट विद्यार्थीले पढ्न छाड्दैनन् भन्ने कुरा प्राप्ति, निष्कर्ष र सुझावका रूपमा पेस गरिएको छ जोशी (२०६५) ।

समाहित शिक्षालाई प्रभावकारी ढङ्गले प्रयोग गर्न शिक्षकहरू उत्साहित भएर लागि परेका छन् । यो शिक्षालाई प्रभावकारी बनाउन शिक्षकहरूले समूह र व्यक्तिगत अभ्यासहरू गराएर शिक्षण गराउन एकदमै उत्साहित भएका छन् र शिक्षकहरू विस्तारै शिक्षक केन्द्रितभन्दा विद्यार्थी केन्द्रित विधिलाई बढी जोड दिन थालेका छन् । समाहित शिक्षालाई प्रभावकारी बनाउनमा समुदायका र विभिन्न सङ्घसंस्थाका मानिस पनि एकदमै सक्रियरूपले लागिपरेका छन् । यो शिक्षाको मुख्य उद्देश्यचाहिँ बालबालिकाको आधारभूत शिक्षाको मुख्य परिपूर्ति गर्नु हो (सेरिड, सन् २००६) ।

विद्यार्थीको शैक्षिक उपलब्धि विभिन्न शैक्षिक पद्धति, तरिका र शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीमा भर पर्छ । त्यसैले विद्यार्थीको अल्छीपनलाई प्रगतितिर बढाउनका लागि शिक्षकले विभिन्न प्रकारका शैक्षिक पद्धतिहरू अवलम्बन गर्नुपर्छ । यदि शिक्षकले शिक्षण गर्दा शिक्षण सामग्रीको प्रयोग गर्छ भने त्यो उपयुक्त मानिन्छ । तसर्थ शिक्षकमा भएको ज्ञानले शिक्षकको पेसागत सीपको विकास गर्छ र जसले गर्दा विद्यार्थीको उपलब्धिमा एकदमै सकारात्मक प्रभाव पार्दछ । समाहित शिक्षाको प्रयोगपछि भर्नामा छात्राहरू र दलितहरूको उल्लेखनीय वृद्धि भएको थियो । त्यसैगरी कक्षाकोठा व्यवस्थापनमा परिवर्तन, शिक्षण विधिमा परिवर्तन र स्थानीय भाषाको प्रयोग भएको पाइएको थियो सुवेदी (सन् २००४) ।

समाहित शिक्षा लागू गर्न विद्यालयको आर्थिक-भौतिक पक्ष, विद्यालयमा पढाउने शिक्षक तथा शिक्षिकाको सीप, दक्षता, क्षमताजस्ता कुरामा समावेश भई अध्ययन गरिन्छ । साथै स्थानीय भाषामा दक्ष छन् कि छैनन् भन्ने कुराको अध्ययन गरिन्छ । तालिम लिएका शिक्षक तथा शिक्षिकाहरू तालिमबाट प्राप्त गरिसकेका ज्ञानले उनीहरूको दक्षता तथा क्षमताको विकास हुन्छ । दैनिक पाठ योजनाअनुसार बालमनोविज्ञानलाई बुझेर शिक्षण गर्ने उनीहरूको क्षमतामा विकास हुन्छ (बाँस्तोला, २०६३) ।

समाहित शिक्षाले सबै किसिमका बालबालिकालाई एउटै कक्षाकोठामा राखी उनीहरूका आवश्यकताको पहिचान गरी सोहीबमोजिम शिक्षा दिने प्रक्रियालाई बुझाउँछ । कक्षाकोठामा सबैलाई समानरूपले शिक्षण गर्नु समाहित कक्षाकोठा शिक्षण हो । यसले सबै बालबालिकालाई समान र निष्पक्ष ढङ्गबाट शिक्षा प्रदान गर्दछ (निरौला, २०६८) ।

समाहित शिक्षाले नै विद्यालय शिक्षामा सरल, सहज, पहुँच नभएका विपन्न वर्ग, समुदाय, पिछडिएको जनजाति, दलित, विशेष अपाङ्गता तथा अन्य तह र तप्काका व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई शिक्षाको मूलधारमा प्रवेश गराउने हुँदा यसको महत्त्व व्यापक हुन गएको हो (कार्की तथा साथीहरू २०६९) ।

समाहित शिक्षा अहिले सबै विद्यालयहरूमा प्रभावकारीरूपले प्रयोग भएको पाइएको छ । यो शिक्षा जनजाति, गरिब र दलित बालबालिकाको लागि एक प्रभावकारी साधनको रूपमा प्रयोग भएको छ । यसका साथै शारीरिकरूपले अशक्त र अपाङ्गहरूलाई पनि यो शिक्षाले उत्प्रेरित गरेको छ । शिक्षाबाट वञ्चित रहेका बालबालिकालाई खोजी गरी विद्यालय ल्याउने काम शिक्षकहरूले गर्दै आइरहेका छन् । यति हुँदाहुँदै पनि भौतिक साधनको अभाव, आर्थिक स्रोतको कमी र शिक्षकको अभावले यो शिक्षालाई केही हदसम्म प्रभाव पारेको छ (सेरिड २००५) ।

यस अध्ययनको निष्कर्षमा तालिमप्राप्त शिक्षकले तालिम अप्राप्त शिक्षकहरूभन्दा बढी शिक्षणमा सहजीकरण सिपको प्रभावकारीरूपमा प्रयोग गर्न सक्दछन् भन्ने उल्लेख छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

रावल्सको न्यायको सिद्धान्त (२०६४) अनुसार मानिसका आधारभूत स्वतन्त्रता भनेका शैक्षिक, राजनीतिक, धार्मिक वा सम्पत्ति आर्जनको स्वतन्त्रता हुन् । यी स्वतन्त्रताहरू हरेक नागरिकले समानरूपमा पाउनुपर्दछ । ती प्राप्त गर्न सकेमा समाजमा न्याय भएको मानिन्छ । उनको दोस्रो अवधारणाअनुसार सम्पत्ति र आम्दानीको वितरण समान रूपमा नभए पनि सबैको हितको लागि हुनु पर्दछ । उनले सार्वजनिक संस्थानहरूमा समान पहुँच पनि हुनुपर्दछ भन्ने कुरामा विशेष जोड दिएका छन् ।

उनका अनुसार शिक्षा एक सामाजिक वस्तु हो । शिक्षाले प्राप्त गरेका आदर्शहरूलाई नै समाजले आफ्नो आदर्शका रूपमा ग्रहण गर्दछ । शिक्षाले समाजको विकासमा निरन्तर योगदान गरिरहन्छ । समाजले शिक्षाका प्रकारहरू निर्धारण गर्दछ । यसले नै सामाजिक आवश्यकताहरूको पूर्ति गर्दछ । समाजका प्रत्येक व्यक्तिमा साझा गुणहरू विद्यमान हुन्छन् । यस्ता साझा गुणहरूले उनीहरूमा समताको भावना ल्याउँदछ र सामाजिक दायित्व बोध गराउँदछ । सामाजिक दायित्व शिक्षाले ग्रहण गर्दछ र यसलाई सामूहिक संस्थाका रूपमा विकसित गरिन्छ । यसरी शिक्षाले समाजका आवश्यकताहरू पूर्ति गर्दछ । समाजिक विकासमा योगदान पुऱ्याउँछ । त्यसैले शिक्षा समाजबाट अलग र समाज शिक्षाबाट अलग रहन सक्दैनन् ।

उनका अनुसार न्यायको लागि शुद्धता आवश्यक हुन्छ । न्यायिक मान्यता भन्नु नै न्यायिक शुद्धता हो । न्यायको लागि सबैले समान अधिकार प्राप्त गरेको हुनुपर्दछ । अर्थात् समान अधिकारविना न्याय स्थापित हुन सक्दैन । रावल्सको भनाइमा न्यायको प्राप्ति गराउने अर्को आवश्यक तत्त्व सामाजिक तथा आर्थिक असमानताको अन्त्य पनि हो । समाजमा सामाजिक र आर्थिक असमानता व्याप्त रहुन्जेल न्याय स्थापित हुन सक्दैन । समष्टिगत रूपमा भन्दा स्वतन्त्रता तथा मौकाको प्राप्ति समानरूपले प्राप्त हुन्छ भने त्यहाँ न्यायको स्थापना हुन सक्दछ । आधुनिक समाजमा असमानता व्याप्त भएको तर्क उनले प्रस्तुत गरेका छन् । आधुनिक समाजले सहयोगी, सचेत र नैतिक मूल्यलाई अँगाल्न सकेको छैन, जुन प्रारम्भिक समाजमा थियो ।

रावल्सको न्यायको सिद्धान्तको निचोड सामाजिक र आर्थिक असमानतालाई व्यवस्थित गर्न सकेमा सबै नागरिक लाभान्वित हुन सक्दछन् भन्ने हो । दुई अवधारणा एक निश्चित क्रममा व्यवस्थित गर्नु पर्दछ । किनकि पहिलो अवधारणापछि मात्र दोस्रो अवधारणाको प्रयोग गर्नुपर्दछ । यसको अर्थ समान आधारभूत स्वतन्त्रताको प्रत्याभूति गर्न सकेमा मात्र सामाजिक र आर्थिक लाभको समान वितरण र पहुँच सुनिश्चित गर्न सकिन्छ ।

न्यायको सिद्धान्तअनुसार समाजका हरेक मानिसलाई आधारभूत कुराहरू प्राप्त गर्ने समान स्वतन्त्रता हुनुपर्दछ । ती आधारभूत कुराहरूमा विशेषगरी निम्न दुई वटा कुराहरू पर्दछन्, सामाजिक आधारभूत वस्तुहरू र प्राकृतिक वस्तुहरू, सामाजिक आधारभूत वस्तुहरूमा अधिकार, स्वतन्त्रता शक्ति, अवसर र आम्दानी पर्दछन् । त्यसैगरी प्राकृतिक वस्तुहरूमा शिक्षा, कल्पना, स्वास्थ्य र उत्साहका विषयहरू पर्दछन् । यसरी मानिसले समानरूपमा आधारभूत विषयहरू प्राप्त गर्ने स्वतन्त्रता पाउनुपर्दछ । जुन उनीहरूको स्वतन्त्रताको अधिकार हो ।

उपर्युक्त आधारहरूबाट हेर्दा न्याय भनेको व्यक्तिको हितलाई संरक्षण गर्ने, समान अवस्थामा समान व्यवहार, समान वितरण र समान उपचारात्मक प्रविधि हुन् । न्यायिक समानता र शुद्धता न्यायका दुई अन्तर्निहित अवधारणा हुन् । यसको प्रादुर्भाव सर्वप्रथम प्राकृतिक आधारबाट भएको हो । कानूनको उद्देश्य न्याय प्राप्त गर्नु हो । यसरी हेर्दा न्याय कानूनको कसौटी हो । न्यायको मान्यताले समतालाई स्थापित गरेको हुन्छ । स्वतन्त्रतालाई संरक्षण प्रदान गरेको हुन्छ र न्यायिक शुद्धता कायम राख्न मद्दत पुऱ्याएको हुन्छ । यसर्थ समष्टिगत रूपमा भन्ने हो भने समता, स्वतन्त्रता तथा न्यायिक शुद्धता न्याय स्थापित गराउने मान्यताहरू हुन् ।

रावल्सको यस सिद्धान्तलाई मनन् गर्दा नेपालमा पनि सामाजिक न्यायको अवधारणाअनुरूप सबै बालबालिकालाई विद्यालय तहसम्मको शिक्षा प्रदान गर्ने सरकारी नीति, लक्ष्य तथा योजना रहेको छ । यस्ता लक्ष्य तथा योजनालाई व्यावहारिक रूप दिन विपन्न वर्गका बालबालिकाका लागि निःशुल्क प्राथमिक शिक्षा, छात्रवृत्ति कार्यक्रमका साथसाथै विभिन्न खालका सहयोगी कार्यक्रमका प्याकेजहरू सरकारले अगाडि सारेको छ । यदि सबै बालबालिकाहरूले राज्यले प्रदान गरेका सबै सेवा सुविधाहरू समानरूपमा उपयोग गर्न पाएनन् भने सामाजिक न्याय भएको ठहरिँदैन (अधिकारी तथा साथीहरूबाट उद्धृत) ।

## २.३ पुनरावलोकनको उपादेयता

यस अध्ययनमा सम्बन्धित साहित्यको पुनरावलोकनले समाहित शिक्षाको अवधारणालाई स्पष्ट पार्न सहयोग गरेको छ । यसले समाजमा पछाडि पारिएका बालबालिकाको वर्तमान अवस्थाबारे जानकारी दिएको छ । यसले समाजमा पछाडि पारिएका बालबालिकाको शैक्षिक अवस्था, उनीहरूका समस्या र उनीहरूलाई शिक्षाको मूलधारमा कसरी ल्याउन सकिन्छ भन्ने कुरामा ज्ञान लिन सहयोग गरेको छ । त्यस्तै अध्ययनको विषयको गहनता र महत्त्व बोध गर्न सहयोग पुऱ्याएको छ ।

यस अध्ययनमा जोन रावल्सको 'सामाजिक न्यायको सिद्धान्त'ले सामाजिक न्यायको अवधारणा दिएको छ भने न्याय नपाएका बालबालिकाको पहिचान गर्न सहयोग पुऱ्याएको छ । अनुसन्धानकर्तालाई विद्यालयमा बालबालिकाले न्यायिकरूपमा समान तरिकाले शिक्षा प्राप्त गर्न सकेका छन् वा छैनन् भन्ने कुरामा यस सैद्धान्तिक खाकाले सहयोग पुऱ्याएको छ । त्यस्तै विद्यालयमा समाहित शिक्षाको अवस्था बुझ्न पनि मद्दत गरेको छ । त्यस्तै विद्यालयमा समाहित शिक्षाको व्यवस्थापन गर्न सके नसकेको तथ्य विश्लेषण गर्न सहयोग गरेको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

कुनै पनि विषयका बारेमा अध्ययन अनुसन्धान गर्नुपर्दा निश्चित अध्ययन विधिको आवश्यकता पर्दछ, जसले अनुसन्धान कार्यलाई निश्चित दिशाबोध गर्नुका साथै निष्कर्षमा पुग्न मद्दत गर्दछ । अनुसन्धानको प्रकृति अनुसार तथ्याङ्क सङ्कलन विधि तथा साधनहरू फरक फरक रहेका हुन्छन् । गुणात्मक वा परिमाणात्मक अनुसन्धानमा कस्तो अनुसन्धान गर्ने हो सो अनुरूप नै विधिको छनोट गर्नुपर्छ ।

## ३.१ अनुसन्धान ढाँचा

यो अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि गुणात्मक र परिमाणात्मक दुबै अनुसन्धानलाई प्रयोग गरिएको छ । यसरी प्राप्त भएको तथ्याङ्कलाई गुणात्मक एवम् वर्णनात्मक रूपले विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययनको जनसङ्ख्या तथा नमूना छनोट

मोरङ जिल्लामा ५२ वटा स्रोत केन्द्र छन्, जसमा ३ सय ६० वटा विद्यालयहरू छन् । यसैगरी सुकुना स्रोतकेन्द्र अन्तर्गत जम्मा २० वटा विद्यालयहरू छन्, जसमध्ये ६ वटा उ.मा.वि., ३ वटा मा.वि., ३ वटा नि.मा.वि. र १० वटा प्रा.वि. रहेका छन् । यी विद्यालयलाई नै यो अध्ययनको जनसङ्ख्याको रूपमा लिइएको छ ।

यस अध्ययनका लागि सुकुना स्रोतकेन्द्र अन्तर्गतका ४ वटा उ.मा.वि.मध्ये एक, ३ वटा मा.वि.मध्ये एक, ३ नि.मा.वि.मध्येबाट एक र १० वटा प्राविबाट २ प्रा.वि. गरी जम्मा ५ विद्यालयहरू छनोट गरिएको छ । यी विद्यालयहरूको प्रा.वि. तहको कक्षा ४ र ५ अध्ययन गर्ने २० बालबालिकालाई छनोट गरिएको छ । ती बालबालिकाका २० जना अभिभावक, प्रा.वि. तहमा अध्यापन गराउने १० जना शिक्षक र विद्यालयका प्र.अ. ५ जना गरी जम्मा ५५ जनालाई छनोट गरिएको छ । यी नमूनाका सम्पूर्ण एकाइहरू अनुसूची १ मा राखिएको छ ।

सीमान्तकृत, छात्रा, दलित, जनजाति र अपाङ्गता भएका बालबालिकालाई छनोट गरी सबैको प्रतिनिधित्व हुने गरी सम्भावनायुक्त नमुना छनोट विधिद्वारा २० बालबालिकालाई छनोट गरिएको छ भने तिनै बालबालिकाका अभिभावकलाई छनोट गरिएको छ। प्रा.वि. तहमा अध्यापन गराउने शिक्षकहरूमध्ये सोही विधिबाट नै प्रत्येक विद्यालयबाट २/२ जना गरी १० जना शिक्षक छनोट गरिएका छन्। भौगोलिक दूरताका आधारमा सबै क्षेत्रको प्रतिनिधित्व हुनेगरी उ.मा.वि., मा.वि., नि.मा.वि. र प्रा.वि. गरी सबै तह पर्ने गरी उद्देश्यमूलक नमूना छनोटबाट विद्यालय छनोट गरिएको छ।

टाढा र नजिक, फरकफरक जात तथा कम र धेरै विद्यार्थी भएका ठाउँलाई आधार मानी विद्यालय छनोट गरिएको छ। अनुसन्धानकर्ता सम्बन्धित क्षेत्रमा बसोबास गर्दै आएको र सम्बन्धित विद्यालयका शिक्षक, विद्यालय परिवारसँग परिचित हुन सजिलो पर्ने भएको र अनुसन्धानका लागि आवागमनको सुविधा रहेकाले यो क्षेत्रलाई छनोट गरिएको छ। सीमान्तकृत, छात्रा, दलित, जनजाति, अपाङ्गताका आधारमा बालबालिकालाई छनोट गरिएको छ भने प्रा.वि. तहमा अध्ययन गर्ने शिक्षकलाई प्रा.वि. तहमा समाहित शिक्षाको अवस्थाबारे थाहा हुने हुँदा सोही आधारमा शिक्षकलाई छनोट गरिएको छ।

### ३.३ तथ्याङ्कका स्रोतहरू

कुनै पनि अध्ययनमा तथ्याङ्कका स्रोतहरू मुख्यतः दुई प्रकारका हुन्छन्, प्राथमिक र द्वितीय। यस अध्ययनमा यी दुबै स्रोतको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ।

#### ३.३.१ प्राथमिक स्रोत

कुनै पनि अध्ययनलाई बढी विश्वसनीय तथा वैध गराउनका लागि प्राथमिक स्रोतको बढी आवश्यकता पर्दछ। प्राथमिक स्रोतहरू अवलोकन फारम, निर्देशिका प्रश्नहरू तथा प्रश्नावली लिएर सम्बन्धित क्षेत्रमा पुगी प्र.अ., शिक्षक, विद्यार्थी तथा अभिभावकहरूलाई निर्देशित प्रश्नहरू तथा प्रश्नावली भराइएको छ।

### ३.३.२ द्वितीय स्रोत

यस अध्ययन क्रममा सम्बन्धित विद्यालयका विभिन्न वर्षका तथ्याङ्क विवरण, अभिलेख, परीक्षा अभिलेखका साथै विभिन्न पत्रपत्रिका, प्रतिवेदन, पुस्तक तथा लेखरचना अध्ययन गरी द्वितीय तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

अनुसन्धानलाई उद्देश्य अनुरूप निष्कर्षमा पुऱ्याउन साधनहरू निर्माण गर्नुपर्ने हुन्छ । यस अध्ययनमा तथ्याङ्क सङ्कलन गर्न कक्षाकोठा अवलोकन फारम, प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा विद्यार्थीलाई अन्तर्वार्ता प्रश्नावली र समूह छलफलका लागि निर्देशिकाको प्रयोग गरिएको छ । प्रयोग गरिएको कक्षा अवलोकन फारममा विद्यालयले राखेको मापदण्ड पूरा भएको कुनै कमजोरी नभएको अवस्थालाई अत्युत्तम, अत्युत्तमभन्दा कम तर कमजोर नभएकोलाई उत्तम, सन्तोषजनकलाई मध्यम र कमजोरलाई निम्न भनी सूचकको रूपमा राखिएको छ ।

शोधपत्रमा अध्ययन गर्न छनोट गरिएका विद्यालय र यसमा संलग्न गरिएका शिक्षक, विद्यार्थी, अभिभावक र प्र.अ.को विवरण अनुसूची १, कक्षाकोठा अवलोकन फारम अनुसूची २, विद्यार्थीका लागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावली अनुसूची ३ मा राखिएको छ । त्यसैगरी प्र.अ., शिक्षक र अभिभावकका लागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावली क्रमशः अनुसूची ४, ५ र ६ मा राखिएको छ भने समूह छलफल निर्देशिका अनुसूची ७ मा राखिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलन सर्वप्रथम प्रत्येक विद्यालयका प्र.अ., शिक्षक र विद्यार्थीसँग भेट गरिएको छ । त्यसपछि प्र.अ. र शिक्षकहरूलाई सामूहिक रूपमा अध्ययनबारे स्पष्ट पारिएको छ । यस क्रममा शोधार्थी आफैँ विद्यालयमा गई कक्षा अवलोकन गरिएको छ । विद्यालयका प्र.अ., शिक्षक तथा विद्यार्थीसँग भेट गरी तयार गरिएका प्रश्नावली भराउनुका साथै घरमै गई अभिभावकहरूसँग अन्तर्वार्ता लिइएको छ । विद्यालयमा समाहित शिक्षाको अवस्था सूचनाका लागि कक्षाकोठाको वातावरण, विद्यार्थीको नियमितता, विद्यार्थीको भर्नास्थिति, शिक्षकको

व्यवहार, विद्यार्थीको बसाइको अवस्था, उनीहरूको पढाइको स्तरबारे अध्ययन गरिएको छ। यसैगरी कक्षाको शिक्षण र विद्यार्थी उपलब्धि हेर्नका लागि कक्षा अवलोकन फारम, हाजिरी रेकर्ड, विद्यार्थी उपलब्धि रेकर्डको प्रयोग गरिएको छ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

विभिन्न स्रोत र साधनबाट प्राप्त भएका तथ्याङ्क तथा जानकारीहरूलाई विश्लेषण गर्न वर्णनात्मक विधि प्रयोग गरी सम्बन्धित तथ्याङ्कलाई स्पष्ट पारिएको छ। अध्ययनबाट प्राप्त भएका प्राथमिक र द्वितीय तथ्याङ्कहरूलाई गुणात्मक र व्याख्यात्मक रूपबाट विश्लेषण गरी परिमाणात्मक रूपमा सङ्कलन हुन आएका तथ्याङ्कलाई तथ्याङ्क शास्त्रीय विधिको प्रयोग गरी विश्लेषण गरिएको छ। जसका लागि तालिकाको उपयोग गरिएको छ।

# परिच्छेद चार

# नतिजाको छलफल तथा विश्लेषण

यस अध्ययनका मुख्य शोध प्रश्न र उद्देश्यहरूका आधारमा प्राप्त भएका तथ्य र सूचनालाई विश्लेषण गरिएको छ । विद्यालयमा समाहित शिक्षा लागू गर्न विद्यालयको दक्षता, विद्यालयको कक्षाकोठा शिक्षण र समाहित शिक्षा लागू गर्दा आइपर्ने चुनौती तथा त्यसको व्यवस्थापन गर्ने उपायहरू समेत प्रस्तुत गरिएको छ ।

तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण गर्ने क्रममा यस अध्ययनमा विशेषगरी समाहित शिक्षाको सन्दर्भ प्र.अ., शिक्षक, विद्यार्थीहरू तथा अभिभावकहरूसँग भएको छलफलबाट स्पष्ट जानकारी, भनाइ, प्रतिक्रियालाई समेट्दै विश्लेषण गर्दै यस अध्ययनलाई अगाडि बढाइएको छ । अध्ययनका विभिन्न क्षेत्रसम्बन्धी जानकारीहरूलाई विभिन्न शीर्षक, उपशीर्षक, अन्तर्गत संगठित गरिएको छ ।

## ४.१ विद्यालयमा समाहित शिक्षाको व्यवस्थापन

विद्यालयमा समाहित शिक्षाको अवस्था पत्तालगाउनका लागि कक्षाकोठाको वातावरण, बालबालिकाको भर्नाको स्थिति, विद्यार्थीको नियमितता, बसाइको व्यवस्था, बालबालिकाको शैक्षिक अवस्था, शिक्षण विधि तथा भाषालाई उल्लेख गरिएको छ ।

### ४.१.१ कक्षाकोठाको वातावरण

विद्यालयमा फरक-फरक जातजाति, धर्म, संस्कृति भएका बालबालिकाहरू पढ्नका लागि आउँछन् । उनीहरूको सिकाइको लागि कक्षाकोठाको वातावरण उपयुक्त प्रकारको हुनुपर्दछ । कक्षाकोठाको वातावरण उपयुक्त भएमा मात्र शिक्षण सिकाइ प्रभावकारी हुन्छ । सिकाइप्रति आकर्षित गर्न कक्षाकोठा रमाइलो बनाउनु पर्दछ । यसको लागि बालमैत्रीपूर्ण, हौसलामुखी, अवसर दिने तथा विद्यालय र कक्षाकोठामा विद्यार्थीहरूलाई स्वतन्त्रतापूर्वक आफ्ना जिज्ञासाहरू राख्ने अवसर दिनुपर्दछ ।

सामाजिक न्यायको दृष्टिकोणले सबै बालबालिकालाई समान व्यवहार गर्ने भनिए पनि अझैसम्म समान व्यवहार भएको पाइँदैन । अध्ययनका लागि छनोट गरिएका विद्यालयका कक्षाकोठामा शिक्षकले गर्ने व्यवहारमा फरक देखियो, जान्ने विद्यार्थीहरूसँग धेरै अन्तर्क्रिया गरेको पाइयो । जनता उ.मा.वि.मा शिक्षकहरूले कुनै पनि विद्यार्थीहरूबीच फरक दृष्टिकोण नराखी समान रूपमा व्यवहार गरेको कुरा कक्षाकोठा अवलोकनबाट प्राप्त भयो ।

बालबालिकाहरू आफ्नो घरपरिवारका सदस्यलाई छाडेर विद्यालय आएका हुन्छन् । उनीहरू एकआपसमा साथी बन्ने-बनाउने गर्दछन् । विद्यार्थीहरूले साथी बनाउँदा जातिगत हिसाबले नबनाएको पाइयो । जान्ने विद्यार्थीले जान्नेलाई नै र कमजोर विद्यार्थीले कमजोरलाई नै साथी बनाएको पाइयो भने पढाइमा कमजोर विद्यार्थीहरू कक्षाकोठामा पछाडि र जान्ने विद्यार्थीहरू कक्षाकोठाको अघिल्लो भागमा बस्ने गरेको अवलोकनबाट प्राप्त गरिएको छ । कक्षामा पढाइमा जान्ने विद्यार्थीहरू नै शिक्षकसँगको अन्तर्क्रियामा बढी सहभागी भएको पाइयो । समानताको दृष्टिले सबै विद्यार्थीहरूसँग समानरूपमा व्यवहार गर्नुपर्ने भएतापनि शिक्षकले समय र विद्यार्थी सङ्ख्याका कारण सबै विद्यार्थीसँग समान रूपमा छलफल/अन्तर्क्रिया गर्न नसकेको पाइयो ।

विद्यार्थीहरूबीच साथी बनाउँदा समान लिङ्ग भएका साथी बनाएको पाइयो । छात्रले छात्रालाई र छात्राले छात्रलाई साथी बनाएको पाइएन । कक्षाकोठामा बस्दा पनि छात्रहरू एउटा लहरमा र छात्राहरू अर्को लहरमा बस्ने गरेको पाइयो ।

छनोट गरिएका विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थीहरू समान सिकाइ स्तरका छैनन् । पढाइमा कोही तेजिला, कोही मध्यम र कोही निम्न छन् । पढाइका अंश कतिपय विद्यार्थीको छुटेको पाइयो भने कोही अरुभन्दा केही ढिलो मात्र बुझ्ने भेटिए । यी कमजोर विद्यार्थीलाई लक्षित गरी विशेष कक्षा सञ्चालन गर्ने गरेको पाइएन । तथापि कमजोर विद्यार्थीलाई कक्षाकोठामा नै समय दिई अध्यापन गरेको पाइयो । श्री सुकुना उ.मा.वि. कक्षा ४ मा एक छात्र विशेष प्रकृतिका रहेको पाइयो । उसलाई सबै विद्यार्थीहरू सँगै राखेर एकै किसिमले शिक्षण गर्ने गरेको पाइयो । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग गरी ती छात्रहरु कक्षा ४ सम्म आइपुगेका छन् ।

### ४.१.२ विद्यालयमा बालबालिकाको भर्ना स्थिति

शिक्षा प्रणालीमा विद्यार्थीहरू एउटा महत्त्वपूर्ण अंश हुन् । जसलाई शिक्षा प्रणालीको लगानी भनिन्छ । विद्यालयको अस्तित्व विद्यार्थी विद्यालय प्रवेशबाट हुने गर्दछ । शिक्षाको प्रगति मूल्याङ्कन गर्दा यसै पक्षको सेरोफेरोभित्र रहेर गर्ने गरिन्छ । यसकारण समाहित शिक्षाको अवस्थामा बालबालिकाको विद्यालय भर्नास्थिति यहाँ विश्लेषण गरिएको छ ।

**तालिका १ : विद्यार्थीहरूको भर्ना विवरण**

| क्र.स. | विद्यालयको नाम | कक्षा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ६ | | | ७ | | | कुल |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | जम्मा |
| १ | सुकुना उ.मा.वि | ५५ | ७५ | १३० | ६५ | ७३ | १३८ | २६८ |
| २ | जनता.मा.वि. | ३२ | ३९ | ७१ | २९ | २३ | ५२ | १२३ |
| ३ | कविर मा.वि. | २४ | २६ | ५० | २२ | १८ | ४० | ९० |
| ४ | पञ्चायत नि.मा.वि. | २० | २२ | ४२ | १७ | २० | ३७ | ७९ |
| ५ | श्री हिमालय नि.मा.वि. | १२ | १५ | २७ | १५ | १६ | ३१ | ५८ |
| जम्मा | | १४३ | १७७ | ३२० | १४८ | १५० | २९८ | ६१८ |

*स्रोतः विद्यालय अभिलेख, २०७१*

यस तालिकाअनुसार छनोट गरिएका पाँचवटै विद्यालयमा कक्षा ६ मा छात्र १४३ जना छन् भने छात्रा १७७ गरी जम्मा ३२० जना विद्यार्थी भर्ना भएको पाइयो । त्यसैगरी कक्षा ६ मा छात्र १४८ जना र छात्रा १५० जना गरी कुल २९८ जना विद्यार्थी भर्ना भएको देखिन्छ । कक्षा ७ मा श्री हिमालय नि.मा.वि.बाहेक सबै विद्यालयमा छात्रभन्दा छात्राको सङ्ख्या बढी छ भने कक्षा ६ मा पनि कुल छात्रभन्दा छात्राकै सङ्ख्या बढी देखिन्छ । श्री हिमालय नि.मा.वि. मा कुल विद्यार्थी भर्ना अन्य विद्यालयको तुलनामा सबैभन्दा कम रहेको पाइयो । यसो हुनुको पछाडि बस्ती पातलो भएको र घरका दाजुदिदीसँगै मा.वि.मा भर्ना भएको मुख्य कारण अन्तर्वार्ताबाट

प्राप्त गरियो । कक्षा ६ मा भन्दा कक्षा ७ मा विद्यार्थी भर्ना सङ्ख्या कम रहेको देखिन्छ । यस सम्बन्धमा शिक्षकको भनाइ यस्तो रहेको छ :

कक्षा ३ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनद्वारा विद्यार्थीलाई उत्तीर्ण गराइन्छ । प्रायः सबै उत्तीर्ण भई कक्षा ४ मा आउँछन् तर कक्षा ५, ६ र ७ मा निरन्तर विद्यार्थी मूल्याङ्कन र निर्माणात्मक दुबै किसिमको मूल्याङ्कनबाट विद्यार्थी उत्तीर्ण गराइन्छ, जसले गर्दा प्रा.वि. को तुलनामा कक्षा ६ र ७ मा बढी अनुत्तीर्ण हुने गर्दछन् ।

यसैगरी छात्रभन्दा छात्रको सङ्ख्या कमी हुनुमा छोरीलाई सामुदायिक विद्यालय र छोरालाई महँगा निजी विद्यालय पढाउने लैङ्गिक विभेद नै मुख्य कारण भएको प्रश्नावलीबाट पाइयो ।

### ४.१.३ शारीरिक तथा बौद्धिक अपाङ्ग भएका बालबालिकाको भर्ना विवरण

शारीरिक तथा मानसिक रूपले कमजोर विद्यार्थीहरू पनि विद्यालयमा आएर अध्ययन गर्नेहरूको भर्ना विवरण यसप्रकार छ :

**तालिका २ : अपाङ्ग विद्यार्थीको भर्ना विवरण**

| क्र.सं. | अपाङ्गताको किसिम | कक्षा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ६ | | | ७ | | | कुल |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | जम्मा |
| १ | नेत्रहीन | - | - | - | - | - | - | - |
| २ | सुस्त श्रवण | - | १ | - | - | - | - | १ |
| ३ | सुस्त मनस्थिति | २ | १ | ३ | - | १ | १ | ४ |
| ४ | शारीरिक अपाङ्गता | २ | ३ | ५ | ३ | ४ | ७ | १२ |
| जम्मा | | ४ | ५ | ९ | ३ | ५ | ८ | १७ |

*स्रोत : विद्यालयको अभिलेख २०७१*

प्रस्तुत तालिकाअनुसार छनौट गरिएका पाँच विद्यालयमा सुस्त श्रवण, सुस्त मनस्थिति र शारीरिक अपाङ्गता भएका बालबालिकाको कुलजम्मा क्रमशः १, ४ र १२ रहेको छ । पाँचै विद्यालयमा जम्मा अपाङ्गता भएका विद्यार्थीको सङ्ख्या १७ रहेको छ । यस तथ्याङ्कलाई हेर्दा

छनौट गरिएका विद्यालयका शारीरिक तथा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरू भर्ना भएका र साङ्गसँगै अध्ययन गर्ने गरेको शिक्षकका लागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावली र कक्षा अवलोकन फारमबाट जानकारी पाइयो । जसलाई समावेशी कक्षा भनिन्छ ।

शारीरिकरूपमा अपाङ्ग भएका बालबालिकामा छात्रभन्दा छात्रा बढी रहेका छन् । यस तथ्यलाई हेर्दा अभिभावकहरूमा लैङ्गिक विभेद अपाङ्गताको तहसम्म फैलिएको अभिभावकका लागि तयार गरिएको प्रश्नावलीबाट पाइयो ।

### ४.१.४ दलित तथा जनजाति विद्यार्थीको भर्ना विवरण

**तालिका ३ : दलित बालबालिकाको भर्ना विवरण**

| क्र.सं. | दलितको समूह | कक्षा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ६ | | | ७ | | | कुल जम्मा |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | सतार | ८ | ५ | १३ | ६ | ४ | १० | २३ |
| २ | दमाइ | ४ | ६ | १० | ७ | ६ | १३ | २३ |
| ३ | कामी | ७ | ८ | १५ | ४ | ६ | १० | २५ |
| ४ | सार्की | ४ | २ | ६ | २ | ३ | ५ | ११ |
| ५ | मुसहर | ३ | २ | ५ | २ | - | २ | ७ |
| ६ | डुम/मेतर | १ | - | १ | १ | - | १ | २ |
| जम्मा | | २७ | २३ | ५० | २२ | १९ | ४१ | ९१ |

*स्रोत : विद्यालयको अभिलेख २०७१*

माथिको तथ्याङ्क हेर्दा दलित समूहमध्ये पनि छनौट गरिएका विद्यालयमा सबैभन्दा बढी कामी बालबालिका २५ जना भर्ना भएका छन् । सबैभन्दा कम डुम/मेतर बालबालिका जम्मा २ जना भर्ना भएका देखिन्छन् । यसरी दलित बालबालिका भर्ना भएर अध्ययन गर्ने गरेको पाइए पनि कक्षा ६ मा छात्रको तुलनामा छात्रा कममात्र भर्ना भएको पाइन्छ । कक्षा ७ मा पनि छात्राको तुलनामा छात्र बढी भर्ना भएका छन् । यस्तो हुनुमा उमेर बढ्दै गएपछि छात्रालाई

विद्यालय छुटाएर घरकै काममा लगाउने गरेको अभिभावकका लागि प्रस्तुत प्रश्नावलीबाट जानकारी पाइयो । कक्षा ६ र ७ मा भने मुसहर र डुम/मेतरका बालबालिकामध्ये छात्राभन्दा छात्रको भर्ना सङ्ख्या बढी देखिन्छ । यसो हुनुमा यी दुबै समुदायमा उमेर बढी भइसकेपछि विद्यालय पढाउने तथा केटी जातिको चाँडै विवाह हुने जातीय संस्कार मुख्य कारण रहेको उक्त प्रश्नावलीबाट पाइयो ।

**तालिका ४ : जनजाति बालबालिकाको भर्ना विवरण**

| क्र.सं. | जनजातिको समूह | कक्षा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ६ | | | ७ | | | कुल जम्मा |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | राई | ८ | १० | १८ | ७ | ८ | १५ | ३३ |
| २ | लिम्बू | ७ | ९ | १६ | ६ | ५ | ११ | २७ |
| ३ | मगर | ६ | ४ | १० | ४ | ३ | ७ | १७ |
| ४ | चौधरी | ९ | ८ | १७ | ५ | ६ | ११ | २८ |
| ५ | खवास | ७ | १० | १७ | ६ | ८ | १४ | ३१ |
| ६ | भुजेल | ६ | ७ | १३ | ५ | ३ | ८ | २१ |
| ७ | श्रेष्ठ | ५ | ७ | १२ | ४ | ६ | १० | २२ |
| ८ | तामाङ | ४ | ३ | ७ | ३ | २ | ५ | १२ |
| ९ | गुरुङ | ३ | २ | ५ | २ | ४ | ६ | ११ |
| १० | धिमाल | ३ | ३ | ६ | ४ | २ | ६ | १२ |
| जम्मा | | ५८ | ६३ | १२१ | ४६ | ४७ | ९३ | २१४ |

*स्रोत : विद्यालयको अभिलेख २०७१*

छनौट गरिएका विद्यालयमा जनजाति बालबालिकाको भर्ना विवरण हेर्दा राई जातिका बालबालिका सबैभन्दा बढी रहेको देखिन्छ । कक्षा ६ र ७ मा क्रमशः १८ र १५ गरी कुल ३३ जना राई जातिका छात्रछात्रा भर्ना भएका छन् । तीमध्ये छात्र र छात्रालाई हेर्दा कक्षा ४ मा

जम्मा क्रमशः ८ र १० जना रहेका छन् । त्यसैगरी सबैभन्दा कम गुरुङ जातिका बालबालिका भर्ना भएको देखिन्छ । कक्षा ६ र ७ मा क्रमशः ५ र ६ गरी जम्मा ११ जना भर्ना भएका छन् ।

विभिन्न जातिको मिश्रित समुदाय भएकाले छनोट गरिएका विद्यालयमा पनि कुनै एक जातिका छात्रछात्राको बहुलता पाइएन । प्रायः बालबालिकाहरू भाषिक, धार्मिक, सांस्कृतिक रूपले फरक पृष्ठभूमिका रहेका छन् । ती सबैलाई एउटै कक्षामा राखेर अध्यापन गराउँदा सिकाइमा विभिन्न समस्या देखापर्दछन् । ती समस्याको समाधान गर्दै प्रभावकारी शिक्षण गर्न समाहित शिक्षाको अवधारणालाई कार्यान्वयनमा ल्याउन जरुरी भएको छ ।

### ४.१.५ विद्यालय नियमितताको अवस्था

शिक्षा नियमावली २०५९ मा एक शैक्षिक सत्रमा २ सय २० दिन विद्यालय खोल्नुपर्ने कुरा उल्लेख गरिएको छ । यस अध्ययनमा छनोटमा परेका विद्यालयहरूको २०७१ सालको हाजिरीलाई हेर्दा पाँच विद्यालयहरू दुई सय १९ दिन खुलेको पाइयो । प्रत्येक विद्यालयमा विद्यार्थीको कक्षा नियमिततालाई हेर्न औसत हाजिरी दिन उल्लेख गरिएको छ ।

**तालिका ५ : विद्यार्थीको औसत हाजिरी**

| क.सं. | विद्यालयको नाम | कक्षा ६ को औसत हाजिरी दिन | | | कक्षा ७ को औसत हाजिरी दिन | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | श्री सुकुना उ.मा.वि. | १४२ | १४० | १४७.५२ | १४७ | १४५ | १४८ |
| २ | जनता मा.वि. | १४४ | १४२ | १४८ | १४२ | १४३ | १५० |
| ३ | श्री कविर मा.वि | १४७ | १४६ | १५०.४३ | १४८ | १४६ | १४९ |
| ४ | श्री पञ्चायत नि.मा.वि | १३० | १३६ | १४५ | १३७ | १३६ | १४३ |
| ५ | श्री हिमालय नि.मा.वि. | १४५ | १४३ | १४५.६७ | १४५ | १४४ | १४७ |

*स्रोत : विद्यालयको हाजिरी २०७१ ।*

छनोट गरिएका पाँच विद्यालयमध्ये औसत हाजिरी दिन श्री कविर मा.वि.मा सबैभन्दा बढी १५०.४३ रहेको छ । विद्यालयमा अनुपस्थित हुनेमा छात्रभन्दा छात्रा बढी रहेको पाइयो । यस सम्बन्धमा शिक्षकको भनाइ यस्तो रहेको छ :

बुबाआमा दैनिक ज्यालादारीमा काम गर्ने हुँदा बिहानै काममा जान्छन् । बालबालिकाहरू विद्यालय गए/गएनन् तथा गृहकार्य गरे/गरेनन् भन्ने कुरा उनीहरू हेर्दैनन् । घरमा सानो बच्चा भए उक्त बच्चा हेर्न भनी अभिभावकले नै उनीहरूलाई विद्यालय पठाउँदैनन् । आफ्ना बालबालिकाहरू के गरी दिन बिताइरहेका छन् भन्ने कुरा अभिभावकलाई वास्ता नभएको कारण पनि बालबालिका बढी विद्यालय अनुपस्थित हुने गरेका छन् ।

शिक्षकको भनाइअनुसार बढी बालबालिकाहरू कक्षामा अनुपस्थित हुनुमा अभिभावकको अशिक्षा, अज्ञानता र गरिबी मुख्य रहेको देखिन्छ । यसरी विद्यार्थीहरू विद्यालयमा नियमित नआउनुमा उसको पारिवारिक, आर्थिक, सामाजिक र सांकृतिक कारणले भूमिका खेलिरहेको पाइन्छ ।

यस सम्बन्धमा विद्यार्थीको भनाइ यस्तो छ :

आमाबुबा काममा जानुहुन्छ । कपी पनि छैन, त्यसैले गृहकार्य पनि गरेको हुँदैन । घरको काम पनि गर्नु पर्छ । भाइबहिनीको हेरचाह पनि गर्नुपर्छ । खेल्न मन लाग्छ । आमाबुबाले विद्यालय नजा आज घरको काम छ भन्नु हुन्छ ।

विद्यालयमा अनियमित हुने विद्यार्थीको यो भनाइ शिक्षकहरूको भनाइसँग मेलखाने देखिन्छ । अर्थात् उनीहरूको नियमिततालाई घरको आर्थिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिक प्रतिकूल वातावरणले बाधा पुऱ्याइरहेको देखिन्छ ।

यसै सम्बन्धमा बालबालिकाका अभिभावकसँग जिज्ञासा राख्दा उनीहरूको भनाइ यस्तो रहेको पाइयो :

'विद्यालय जाऊ भनेर हामी बिहानै काममा जान्छौँ तर उनीहरू कहिलेकाहीँ गएका हुँदैनन् । घरमा काम हुँदाचाहिँ कहिलेकाहीँ विद्यालय नजाऊ घरमा काम छ भन्ने गरेका छौँ ।'

विद्यालयमा विद्यार्थीहरूको नियमितताबारे अभिभावकको भनाइ भने विद्यार्थी र शिक्षकको भनाइसँग पूर्णरूपेण मेल खाएन । तैपनि अभिभावकले आफ्ना बालकको पढाइभन्दा काम नै ठूलो ठान्ने गरेको कुरा उनीहरूलाई विद्यालय जानबाट रोक्ने कुराले पुष्टि गर्छ । अर्थात् अभिभावकले बालकको पढाइलाई ऐच्छिक ठानेको देखिन्छ । निश्चय नै बालबालिकाहरूलाई

अभिभावकको रेखदेख आवश्यक हुन्छ किनभने सबै काम उनीहरू आफैँ जानेर गर्न सक्दैनन् । यो कुरा तल्लो वर्गका अभिभावकले बुझेका छैनन् । साना बालबालिकाबाट घरको काम टार्नु बाध्यता भए पनि अभिभावहरूको यस्तो व्यवहारले विद्यार्थीको नियमिततामा ठूलो असर गरिरहेको छ । छात्रभन्दा छात्रा बढी अनियमित हुनुमा यस्ता अभिभावकमा भएको लैङ्गिक विभेदको भावना पनि जिम्मेवार देखिन्छ । छात्राबाहेक दलित बालबालिकाको पनि अनियमितता दर बढी छ । यसो हुनुमा दलित बालबालिकाका अभिभावकहरूको अशिक्षा नै हो ।

सामुदायिक विद्यालयका शिक्षकहरूलाई पनि विद्यार्थी के कारणले विद्यालय आएनन् भन्ने बारेमा खासै चासो नभएको र विद्यालय प्रशासनले वास्ता नगरेको पाइयो । अशिक्षा, अज्ञानता, गरिबी र लापरबाहीका कारण अभिभावकले पनि बालबालिकाहरूको पढाइप्रति चासो दिएका छैनन् । पारिवारिक प्रतिकूल वातावरणको कारण विद्यार्थीहरू पढाइप्रति आकर्षित हुन सकेका छैनन् । यिनै कारणहरूले उनीहरू विद्यालय नियमित जाने गरेको पाइएन ।

### ४.१.६ बालबालिकाको बसाइको व्यवस्था

बालबालिकाको बसाइको अवस्था हेर्दा बालबालिकाहरू जान्नेजान्ने साथी बनेर उनीहरू एकैसाथ बस्ने गरेको पाइयो । यसमा शिक्षकले जान्ने नजान्ने मिलाएर राख्ने गरेको पाइएन । जातजातिका आधारमा विभेद गरी छुट्याएर बसाइएको पाइएन । तर छात्रछात्रा भने छात्रहरू एकातिरको लहरमा र छात्राहरू अर्को लहरमा बस्ने गरेको पाइयो ।

समावेशी तरिकाले शिक्षकले कक्षाकोठामा बसाइको व्यवस्थापन गर्नुपर्नेमा विद्यार्थी स्वयम् नै मिलेर बस्ने गरेको पाइन्छ । लैङ्गिक रूपमा भने बसाइको व्यवस्थापन गरेको देखिन्छ । छात्राहरू र छात्रहरू छुट्टाछुट्टै लहरमा बस्ने गरेकोले यो कुरा पुष्टि हुन्छ ।

### ४.१.७. बालबालिकाको पढाइको स्तर

दलित, जनजाति र अपाङ्गता भएका बालबालिकाहरूको पढाइको स्तर पत्तालगाउन बालबालिकाको उत्तीर्ण तथा अनुत्तीर्ण हुने दरको अध्ययन गरिएको छ ।

## क) दलित विद्यार्थीहरूको शैक्षिक स्तर

असफलताका कारण बालबालिकामा शिक्षाप्रति नकारात्मक धारणा बन्न सक्दछ। अधिकांश बालबालिकाहरू परीक्षामा असफल हुने कारणमा घरायसी गरिबीको कारणले विद्यालय जान नपाएको देखिन्छ। अध्ययन गरिएका पाँच विद्यालयको दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाको उत्तीर्ण/अनुत्तीण दरलाई निम्नअनुसार तालिकामा देखाइएको छ :

**तालिका ६ : दलित बालबालिकाको उत्तीर्ण/अनुत्तीर्ण विवरण:**

| विद्यालय | क | परीक्षामा सामेल | | | उत्तीर्ण सङ्ख्या | | | | अनुत्तीर्ण सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छा. | ज. | छात्र | छा. | ज. | प्र. | छात्र | छा | ज. | प्र. |
| सुकुना मा.वि. | ६ | ५ | ६ | ११ | ४ | ३ | ७ | ६४ | १ | ३ | ४ | ३६ |
| | ७ | ५ | ७ | १२ | ४ | ५ | ९ | ७५ | १ | २ | ३ | २५ |
| जनता मा.वि. | ६ | ४ | ६ | १० | ४ | ३ | ७ | ७० | २ | १ | ३ | ३० |
| | ७ | ५ | ५ | १० | ४ | ४ | ८ | ८० | १ | १ | २ | २० |
| कविर मा.वि | ६ | ५ | ४ | ९ | ३ | ४ | ७ | ७८ | १ | १ | २ | २२ |
| | ७ | ४ | ४ | ८ | ४ | २ | ६ | ७५ | - | २ | २ | २५ |
| चण्डेश्वी.प्रा.वि. | ६ | ४ | ५ | ९ | ४ | ३ | ७ | ७८ | - | २ | २ | २२ |
| | ७ | ५ | ७ | १२ | ४ | ४ | ८ | ६७ | १ | ३ | ४ | ३३ |
| हिमालय.नि.मा.वि | ६ | ३ | २ | ५ | ३ | २ | ५ | १०० | - | - | - | - |
| | ७ | ३ | ५ | ८ | ३ | ४ | ७ | ८८ | - | १ | १ | १२ |
| जम्मा | | ४३ | ५१ | ९४ | ३७ | ३४ | ७१ | ७५.५ | ७ | १६ | २३ | २४.५ |

*स्रोत : विद्यालयको फ्ल्यास २, २०७१*

छनोट गरिएका विद्यालयहरूमा दलित बालबालिकाको उत्तीर्ण तथा अनुत्तीर्ण विवरण हेर्दा समग्रमा दलित छात्रा (३४ जना)को तुलनामा छात्र (३७ जना) बढी उत्तीर्ण भएको पाइयो। ला.ज.क.प्रा.वि.को कक्षा ६ का दलित छात्रछात्रा सबैभन्दा बढी शतप्रतिशत उत्तीर्ण भएका छन् भने सबैभन्दा कम ज.उ.मा.वि.को कक्षा ६ का छात्रछात्रा ६४ प्रतिशतमात्र उत्तीर्ण भएका छन्।

छनोट गरिएका सबै विद्यालयको कुलजम्मा ७५.५ प्रतिशत दलित छात्रछात्रा उत्तीर्ण भएका छन् । यो तथ्याङ्कले दलित छात्रछात्राको नतिजा उत्तम रहेको देखाएको छ । बाँकी २४.५ प्रतिशत छात्रछात्रा अनुत्तीर्ण हुनुमा विद्यालयमा दलित छात्रछात्राको अनियमितता र कक्षामा बसाइको व्यवस्थापन समावेशी हुन नसक्नुले भूमिका खेलेको देखिन्छ । यसमा पनि छात्रको तुलनामा छात्रा बढी अनुत्तीर्ण भएको जनता उ.मा.वि.को कक्षा ६ को परीक्षाफलले पुष्टि गरेको छ । जहाँ ६ जना दलित छात्रामध्ये ३ जना अनुत्तीर्ण भएका छन् भने ५ जना दलित छात्रमध्ये १ जनामात्र अनुत्तीर्ण छन् ।

**ख) जनजाति बालबालिकाको शैक्षिक स्तर**

**तालिका ७ : जनजाति बालबालिकाको उत्तीर्ण/अनुत्तीर्ण विवरण**

| विद्यालय | कक्षा | परीक्षामा सामेल | | | उत्तीर्ण सङ्ख्या | | | | अनुत्तीर्ण सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छा. | ज. | छात्र | छात्रा | ज. | प्र. | छात्र | छा. | ज. | प्र. |
| सुकुना | ४ | ९ | ८ | १७ | ७ | ८ | १५ | ८८ | २ | - | - | १२ |
| उ.मा.वि | ५ | ८ | १० | १८ | ६ | ९ | १५ | ८३ | २ | १ | ३ | १७ |
| जनता | ४ | ५ | ३ | ८ | ४ | ३ | ७ | ८८ | १ | - | १ | १२ |
| मा.वि. | ५ | ७ | ८ | १५ | ५ | ५ | १० | ६७ | २ | ३ | ५ | ३३ |
| कविर | ४ | ५ | ६ | ११ | ५ | ६ | ११ | १०० | - | - | - | - |
| मा.वि | ५ | ५ | ५ | १० | ५ | ४ | ९ | ९० | - | १ | १ | १० |
| पञ्चायत | ४ | ७ | ७ | १४ | ६ | ६ | १२ | ८६ | १ | १ | २ | १४ |
| नि.मा.वि | ५ | ७ | ८ | १५ | ५ | ६ | ११ | ७३ | २ | २ | ४ | २७ |
| हिमालय | ४ | ६ | ८ | १४ | ५ | ७ | १२ | ८६ | १ | १ | २ | १४ |
| नि.मा.वि. | ५ | ६ | ५ | ११ | ४ | ४ | ८ | ७३ | २ | १ | ३ | २७ |
| जम्मा | | ६५ | ६८ | १३३ | ५२ | ५८ | ११० | ८३ | १२ | ९ | २३ | १७ |

*स्रोत : विद्यालयको फ्ल्यास-२, २०७१, अनुसूची*

छनोट गरिएका विद्यालयहरूमा जनजाति बालबालिकाको उत्तीर्ण तथा अनुत्तीर्ण विवरण हेर्दा समग्रमा जनजाति छात्र (५२ जना)को तुलनामा छात्रा (५८ जना) बढी उत्तीर्ण भएको पाइयो । सुर्यदिप प्रा.वि.को कक्षा ६ का जनजाति छात्रछात्रा सबैभन्दा बढी शतप्रतिशत उत्तीर्ण

भएका छन् । सोही विद्यालयको कक्षा ७ मा पनि ९० प्रतिशत छात्रछात्रा उत्तीर्ण भएका छन् भने सबैभन्दा कम सुर्यदिप प्रा.वि. को कक्षा ७ का छात्रछात्रा ६७ प्रतिशतमात्र उत्तीर्ण भएका छन् । छनोट गरिएका सबै विद्यालयको कुलजम्मा ८३ प्रतिशत जनजाति छात्रछात्रा उत्तीर्ण भएका छन् । यो तथ्याङ्कले जनजाति छात्रछात्राको नतिजा उत्तम रहेको देखाएको छ । बाँकी १७ प्रतिशत छात्रछात्रा अनुत्तीर्ण हुनुमा विद्यालयमा जनजाति छात्रछात्राको अनियमितता र कक्षामा बसाइको व्यवस्थापन समावेशी हुन नसक्नुले भूमिका खेलेको देखिन्छ ।

**ग) अपाङ्गता भएका बालबालिकाको शैक्षिक स्तर**

**तालिका ८ : अपाङ्गता भएका बालबालिकाको उत्तीर्ण/अनुत्तीर्ण विवरण**

| विद्यालय | कक्षा | परीक्षामा सामेल | | | उत्तीर्ण सङ्ख्या | | | अनुत्तीर्ण सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सुकुना | ६ | १ | - | १ | - | - | - | १ | - | १ |
| उ.मा.वि. | ७ | - | १ | १ | - | १ | १ | - | - | - |
| जनता | ६ | १ | - | १ | १ | - | १ | - | - | - |
| मा.वि. | ७ | - | - | - | - | - | - | - | - | - |
| कविर | ६ | ५ | ३ | ८ | ३ | २ | ५ | २ | १ | ३ |
| मा.वि | ७ | २ | ६ | ८ | १ | ३ | ४ | १ | ३ | ४ |
| पञ्चायत | ६ | - | - | - | - | - | - | - | - | - |
| नि.मा.वि | ७ | - | - | - | - | - | - | - | - | - |
| हिमालय | ६ | १ | - | १ | - | - | - | १ | - | १ |
| नि.मा.वि. | ७ | - | - | - | - | - | - | - | - | - |
| जम्मा | | १० | १० | २० | ५ | ६ | ११ | ५ | ४ | ९ |

*स्रोत : विद्यालयको फ्ल्यास-२, २०७१, अनुसूची*

प्रस्तुत तालिकाअनुसार छनोट गरिएका विद्यालयहरूमा अपाङ्गता भएका छात्रछात्रा कुलजम्मा सङ्ख्या ४ रहेको छ । छनोट गरिएका ती विद्यालयहरूमध्ये कविर मा.वि.मा सबैभन्दा धेरै १६ जना अपाङ्गता भएका छात्रछात्रा रहेका छन् भने पञ्चायत नि.मा.वि मा अपाङ्गता भएका

छात्रछात्रा भर्ना नै भएका छैनन् । अपाङ्गता भएका छात्रछात्रामध्ये ५१ प्रतिशतमात्र उत्तीर्ण भएका छन् । यसरी अपाङ्गता भएका छात्रछात्राको आधा सङ्ख्या अनुत्तीर्ण हुनुमा कक्षाकोठा व्यवस्थापन अपाङ्गमैत्री नहुनु र परम्परागत शिक्षण केन्द्रित शिक्षण विधिहरू : प्रवचन तथा व्याख्यान विधिको प्रयोग भएको कक्षा अवलोकनबाट पाइएको छ ।

### ४.१.८ शिक्षण विधि

छनोट गरिएको विद्यालयको कक्षा शिक्षणको अवलोकन गर्दा शिक्षक केन्द्रित र विद्यार्थी केन्द्रित दुबै किसिमको शिक्षण विधिको प्रयोग भएको पाइयो । श्री पञ्चायत नि.मा.वि.का एक शिक्षकले कक्षा ६ मा व्याख्यान विधिको प्रयोग गरी शिक्षण गरेको पाइयो भने सुकुना उ.मा.वि.की एक शिक्षिकाले विद्यार्थी केन्द्रित विधिअन्तर्गत भूमिका निर्वाह विधि प्रयोग गरी सामाजिक विषय शिक्षण गरेको पाइयो । त्यस्तै अरु विद्यालयमा पनि शिक्षक केन्द्रित विधिअन्तर्गत प्रश्नोत्तर विधि, प्रदर्शन विधि, व्याख्यान विधिको प्रयोग गरी शिक्षण गर्ने र विद्यार्थी केन्द्रित विधिअन्तर्गत भूमिका निर्वाह विधि, प्रयोगात्मक विधि प्रयोग गरी शिक्षण गर्ने गरेको कक्षा अवलोकन तथा अन्तर्वार्ता प्रश्नावलीबाट पाइयो ।

यस सम्बन्धमा शिक्षकलाई कुन शिक्षण विधिको प्रयोग गर्नुहुन्छ र किन भन्ने प्रश्न राख्दा शिक्षकको जवाफ यस्तो थियो-

‘सिकाइलाई बढी प्रभावकारी बनाउन विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्न उपयुक्त हुन्छ, यसमा सिकाइ वातावरणलाई उत्साहपूर्ण बनाउँछ र विषयवस्तुलाई बढी प्रभावकारी बनाउन सकिन्छ । जसले गर्दा विद्यार्थीको सिकाइमा परिवर्तन ल्याउन सकिन्छ । विषयवस्तुलाई समयमा सक्नको लागि शिक्षक केन्द्रित विधिको प्रयोग पनि गर्छौं ।

शिक्षकहरूको यस्तो भनाइले परम्परागत शिक्षण विधिभन्दा उनीहरूको विश्वास आधुनिक शिक्षण विधिमा बढ्दै आएको देखिन्छ । जसले विद्यार्थीको पढाइमा सुधार ल्याउन ठूलो मद्दत पुऱ्याउँछ । विभिन्न राजनीतिक र सामाजिक घटनाहरूले पठनपाठनमा बाधा पुऱ्याइरहेको हाम्रो परिवेशमा शिक्षकहरूले शिक्षक केन्द्रित विधि प्रयोग गर्नु पनि सान्दर्भिक देखिन्छ ।

### ४.२ विद्यालयमा समाहित शिक्षा लागू गर्दा आइपरेका चुनौतीहरू

शिक्षा नै उन्नति र प्रगतिको द्योतक हो । समाहित शिक्षाले सबैले समान रूपले शिक्षा लिने अवसर पाऊन्, यसबाट कोही वञ्चित हुनुनपरोस् भन्ने भूलभूत उद्देश्य राखेको हुन्छ । यो उद्देश्यको दायरा व्यापक छ । बालबालिकाहरू शिक्षाको उज्यालो ज्योतिबाट वञ्चित हुनुका पछाडि धेरै कारणहरू छन् । जसलाई विषयगत रूपले आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, भौगोलिक कारणहरूमा समेटेर अध्ययन गरिएको छ । यिनै कारणहरू नै समाहित शिक्षाका चुनौतीहरू हुन् । यी चुनौतीहरू भएकैले विद्यालयमा समाहित शिक्षा लागू गर्न सजिलो छैन । शैक्षिक विकास गर्ने सबैलाई समावेश गरी शिक्षा दिन आवश्यक हुन्छ । त्यसैले गर्दा छनोटमा परेका विद्यालयमा समाहित शिक्षा लागू गर्दा केकस्ता चुनौतीहरू आइपरेका छन् भन्ने बारेमा अध्ययन गर्नु आवश्यक भएकोले सम्बन्धित विद्यालयका शिक्षक, प्र.अ. र अभिभावकहरूसँग अन्तर्वार्ता र समूह छलफल गरिएको थियो । यस्ता चुनौतीहरूलाई अध्ययन गर्न अन्तर्वार्ता लिइएको थियो । समाहित शिक्षा लागू गर्दा विद्यालयले धेरै चुनौतीहरू भोग्नु परेको पाइयो ।

#### ४.२.१ आर्थिक चुनौती

आर्थिक चुनौतीलाई विद्यालयको र अभिभावकहरूको गरी दुई कोणबाट हेरिएको छ । हालको परिप्रेक्षमा नेपालका अधिकांश सामुदायिक विद्यालयहरूको प्रमुख चुनौतीको रूपमा आर्थिक चुनौती रहेको पाइन्छ । आधिकांश विद्यालयहरूमा शिक्षक दरबन्दी कम तथा विद्यार्थी सङ्ख्या बढी हुने गरेको देखिन्छ । स्थानीय आम्दानीको स्रोत पर्याप्त भएका विद्यालयहरू पनि कम रहेका छन् । स्थानीय स्रोतबाट थप शिक्षकको व्यवस्था गर्न पनि कठिन हुन्छ भन्ने कुरा अन्तर्वार्ता, प्रश्नावली तथा समूह छलफलबाट प्राप्त गरिएको छ ।

छनोटमा परेका विद्यालयहरूमध्ये श्री सुकुना उ.मा.वि.मा एस्.एल.सि . परिक्षा र उच्च माध्यमिक शिक्षा परिषदद्वारा सञ्चालित कक्षा ११ र १२ को परिक्षा समेत हुने भएको ले विद्यालयको अर्थसंकलनमा समेत सहयोग पुगेको देखिन्छ । त्यसैले यस उ.मा.वि. सञ्चालनमा आर्थिक समस्या रहेको छैन । अन्य विद्यालयहरूमा भने विद्यालयको स्रोत नहुँदा विद्यालय सञ्चालनमा आर्थिक समस्या रहेको पाइयो ।

समाहित शिक्षा कार्यान्वयनको सवालमा विद्यालयको मात्र आर्थिक चुनौतीको चर्चा गरेर पुग्दैन । अभिभावकको आर्थिक हैसियतले पनि बालबालिकाको शिक्षामा सकारात्मक/नकारात्मक असर गरिरहेको हुन्छ । अभिभावकको आर्थिक स्थिति कमजोर भयो भने उनीहरूका बालबालिकाको शिक्षामा नकारात्मक असर पर्दछ । छनोटमा परेका विद्यालयका खासगरी दैनिक ज्यालादारीमा काम गर्ने अभिभावकका बालबालिकामा यो समस्या देखिएको छ । त्यस्तो परिवारमा अभिभावकहरू प्रायः काममा जाने र घरमा बालबालिकाले खाना पकाउने, आफूभन्दा सानो भाइ वा बहिनी हेर्ने गरेको बालबालिका स्वयम्ले बताएका छन् । रोजगारीका लागि अभिभावकहरू पनि कहिलेकाहीँ बालबालिकालाई घरको काम लगाउने गरेको स्वीकार गर्छन् । कमजोर आर्थिक अवस्था भएका परिवारका बालबालिकालाई कापी, कलम, किताब जस्ता अत्यावश्यक शैक्षिक सामग्रीको आपूर्ति र हिफाजतको पनि समस्या देखिन्छ । त्यसैले आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई आर्थिक रूपले सघाउ पुग्ने गरी योजना ल्याएर नियमित शिक्षामा आकर्षित गर्नुपर्ने चुनौती रहेको कुरा समूह छलफल र अन्तर्वार्ताबाट स्पष्ट भएको थियो ।

### ४.२.२ सामाजिक चुनौती

सामाजिक चुनौतीमा समाजमा रहेका धर्म, संस्कृति, लिङ्ग, चाल चलन, जात लगायतलाई लिइएको छ । समाजमा भएका यिनै पक्षहरूका कारण हुने भेदभावले समाहित शिक्षा लागू गर्न चुनौती खडा गरेको छ । हाम्रो गाउँसमाजमा भेदभावको कुरा अहिले पनि रही आएको छ । छोरालाई मात्र पढाउने र छोरीलाई पढाउन हुँदैन, यिनीहरू पढेर काम छैन, अर्काको घर जाने जात हो भन्ने लैङ्गिक भेदभाव अहिले पनि समाजमा रहेको अभिभावकका लागि प्रस्तुत प्रश्नावलीबाट पाइयो । त्यसैगरी धर्म, जात, संस्कृतिका माध्यमबाट आएका चलनहरूले पनि शिक्षाभन्दा बढी प्राथमिकता परम्परागत पेसालाई दिने गरेका छन् । विश्वकर्माका सन्तानले आरन चलाउनुपर्ने, दर्जीका बालबालिकाले लुगा सिउनुपर्ने, माझीका छोराछोरीले माछा मार्नुपर्ने परम्पराका नाममा आफ्नै अभिभावकबाट हुने भेदभावका यी उदाहरण हुन् । समाजका यी अवरोधलाई हटाई बालबालिकालाई समान रूपले शिक्षा लिने वातावरण बनाउनु चुनौती रहेको कुरा अन्तर्वार्ताबाट प्राप्त भएको छ ।

छनोटमा परेका विद्यालयमा सामाजिक चुनौतीअन्तर्गत श्री जनतामा.वि.का प्र.अ. कृष्ण प्रसाद गुरागाईको भनाइ यस्तो रहेको छ -

'विद्यालय भनेको एउटा सामुदायिक संस्था हो, विद्यालय र समाजबीच नजिकको सम्बन्ध रहेको हुन्छ, समाजविना विद्यालय र विद्यालयविना समाजको अर्थ रहँदैन, त्यसैले समाहित शिक्षामा सामाजिक समस्या पनि प्रमुख चुनौतीका रूपमा देखापर्छ ।'

यस भनाइसँग छनोटमा परेका अन्य विद्यालयका प्र.अ. तथा शिक्षकको भनाइ मिल्दोजुल्दो रहेको पाइयो । चाडपर्व, घरायसी काम र लिङ्गका कारण पनि अभिभावकहरूले बालबालिकालाई विद्यालय जानबाट रोक्ने गरेका छन् । यसलाई समग्रमा सामाजिक चुनौतीका रूपमा लिन सकिन्छ ।

### ४.२.३ पाठ्यक्रमसम्बन्धी चुनौती

विद्यार्थीले शिक्षालयमा एक वा अनेक विषयमा खास अवधिभित्र आर्जित गर्नसक्ने अनुभव, ज्ञान र सिपको शैक्षिक योजना नै पाठ्यक्रम हो । यसले औपचारिक अध्ययन/अध्यापनमा दिशानिर्देश गर्ने गर्छ । यसले शिक्षा क्षेत्रका पछिल्ला उपलब्धिहरूलाई समेटेर शिक्षण सिकाइलाई गति दिने काम गर्छ । तर पाठ्यक्रम समयमै परिमार्जन हुन सकेन भने शिक्षण सिकाइमा यो समाधान होइन चुनौती बनेर देखापर्दछ ।

छनोटमा परेका पाँचवटा विद्यालयका प्र.अ., शिक्षक तथा अभिभावकहरूमा विद्यालयमा समाहित शिक्षा लागू गर्दा पाठ्यक्रम पनि एउटा चुनौती हो भने धारणा रहेको पाइयो । हामी सम्पूर्ण पाठ्यवस्तुको सूची परिवर्तन गर्न सक्दैनौं । पाठ्यक्रममा विद्यार्थीहरूको व्यक्तिगत विभिन्नतालाई ख्याल गरी उनीहरूका आवश्यकताअनुसार सीप सिकाइका विभिन्न बालमैत्री क्रियाकलापहरू समावेश गर्नुपर्ने हुन्छ । पाठ्यवस्तु निर्माण गर्दा विद्यार्थीहरूका वैयत्तिक आावश्यकतालाई ध्यान दिइएको पाइँदैन । समावेशी कक्षामा जोड दिइएको छ तर दृष्टिविहीनलाई ब्रेल लिपि, सुस्त मनस्थिति भएकालाई चित्रकथा जस्ता सामग्री उपलब्ध गराइएको छैन । सबै मातृभाषी विद्यार्थीलाई एउटै पाठ्यक्रम लागू गरिएको छ ।

यसै सन्दर्भमा श्री हिमालय नि.मा.वि.का अभिभावक हरिप्रसाद खतिवडा को भनाइ यस्तो रहेको छ -

'हाम्रा बालबालिकाहरू घरमा एउटा भाषा सिकेर विद्यालय जान्छन् र विद्यालयका पुस्तकहरू अर्कै भाषामा लेखिएका छन्, त्यसैले उनीहरूलाई सिक्न समस्या भएको छ ।'

अतः विद्यार्थीको क्षमता, कमजोरी, मातृभाषा अनुकूल पठनपाठन हुनेगरी पाठ्यक्रम तयार गर्नुपर्ने आजको चुनौती रहेको छ ।

## ४.२.४ भौगोलिक चुनौती

तराईमा विद्यालय पहुँचको ठूलो समस्या नभए पनि आवतजावतका लागि सडकमा पुलको सुविधा नहुँदा वर्षायाममा छनोटमा परेका विद्यालयहरू डेढ महिने लामो विदा गर्न बाध्य छन् ।

यसै सन्दर्भमा श्री पञ्चायत नि.मा.वि का प्र.अ. हरि प्रसाद फूयालको भनाइ यस्तो रहेको छ -

वर्षायाममा लामो विदा गर्नु बाध्यता हो । विदा नगरी अन्यत्रकै जस्तो विद्यालय सुचारु गर्ने हो भने खेतीपाती र खोलानालामा आएको बाढीका कारण आधाभन्दा बढी विद्यार्थी अनुपस्थित हुन्छन् ।

विशेष अवस्था भएका बालबालिकालाई त भौगोलिक समस्याले शिक्षाबाट वञ्चित नै बनाउने गरेको छ । अतः भौगोलिक समस्या पनि समाहित शिक्षाको मुख्य चुनौती बनेको छ ।

## ४.२.५ राजनीतिक चुनौती

देशको राजनीति स्थिर छैन । सरकार पनि चाँडै ढल्ने गरेका छन् । पटक पटक राजनीति परिवर्तन त हुन्छन् तर तिनले स्थितिरता पाउँदैनन् । राजनीतिक दलहरूले आपसी खिचातानीमा लामो समय बिताइसकेका छन् । बारम्बार बन्द तथा हड्तालका कार्यक्रम भइरहन्छन् । डर र धम्कीकै भरमा विद्यालयहरू बन्द हुने गरेका छन् । पूर्व क्षेत्रमा जातीय सङ्घीयता माग गर्दै हुने क्षेत्रीय र स्थानीय बन्दले पठनपाठनमा नकारात्मक असर गरेको छ । हड्तालको बेला विद्यालय बन्द नगरे पनि टाढाबाट शिक्षक/कर्मचारी तथा विद्यार्थी आउन

नसक्दा नियमित पठनपाठन प्रभावित हुने गरेको छ । यसले शिक्षासम्बन्धी नवीन नीति/नियमको प्रभावकारी कार्यान्वयनमा पनि समस्या पारेको छ ।

यसै सन्दर्भमा श्री हिमालय नि.मा.वि.का प्र.अ. होमप्रसाद खनालको धारणा यस्तो रहेको छ -

खासगरी राजनीतिक र सामाजिक कारणले बन्द गरिन्छ । शिक्षण संस्थालाई शान्ति क्षेत्र घोषणा गर्न राजनीतिक दलहरू सहमत देखिए पनि यसको कार्यान्वयन हुन सकेको छैन, जसले गर्दा विद्यालयको वार्षिक कार्यतालिका नै प्रभावित भएको छ ।

त्यसैले समाहित शिक्षा कार्यान्वयन गराउन राजनीति पनि चुनौती बनेको छ ।

### ४.२.६ व्यवस्थापकीय चुनौती

व्यवस्थापकीय पक्षअन्तर्गत विद्यालयका भौतिक तथा शैक्षिक वस्तुको व्यवस्थापन पर्दछन् । विद्यालय व्यवस्थापन समिति समयमा गठन नहुने, सो समितिले विद्यालयको भौतिक तथा शैक्षिक वस्तुहरूको व्यवस्थापनमा चासो नदिनाले पठनपाठनमा नकारात्मक असर परेको छ । अभिभावकहरूबीच आफ्ना बालबच्चाको शैक्षिक गुणस्तर दीर्घकालिक सोचभन्दा पनि तात्कालिक फाइदाका लागि राजनीतिक दलको प्रभावमा पर्ने र समितिको नेतृत्व लिने दाउपेच चल्ने गरेको छ । भवन, कक्षाकोठा, डेक्सबेन्चको अभावले विद्यार्थीहरू भुईंमा, खुलाचौरमा अध्ययनरत छन् । त्यस्तै गरेर रिक्त दरवन्दीहरुमा शिक्षकहरुको पदपूर्ति, शैक्षिक सामग्रीहरू ग्लोब, चार्ट, तस्बिर, चक, डस्टर, पाटीहरूको अभावमा समाहित शिक्षाको अवधारण अनुसार पठनपाठन हुनसकेको छैन । यिनै कुराहरूलाई व्यवस्थापकीय चुनौतीका रुपमा लिन सकिन्छ ।

### ४.२.७ प्रशासकीय चुनौती

सामुदायिक विद्यालयहरूमा प्रशासकीय चुनौती सबैभन्दा ठूलो चुनौतीका रुपमा देखापरेको छ । अहिले पनि प्रशासनिक क्षमता भएका सामुदायिक विद्यालयहरू नमुना बनेका छन् तर प्रशासन कमजोर भएका विद्यालयको शैक्षिक गुणस्तर राम्रो बन्न सकेको छैन । विद्यालयमा प्रशासन प्रमुखको जिम्मेवारी प्रधानाध्यापकले सम्हालेको हुन्छ । उसले आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग चुस्त र दुरुस्त ढङ्गले गर्न सकेन भने सो विद्यालयले प्रशासकीय समस्या बेहोर्नुपर्छ । प्रधानाध्यापकमा नयाँ विद्यार्थी भर्ना योजना, निर्णय क्षमता, आफ्नो काम,

कर्तव्य र अधिकारको ज्ञान तथा प्रशासन सम्बन्धी नीतिनियमको ज्ञान भएन भने सो विद्यालयमा प्रशासकीय चुनौती उत्पन्न हुन्छ, जसले सबैका लागि शिक्षा तथा समाहित शिक्षा कार्यक्रमहरू कार्यान्वयन गर्न अवरोध पुऱ्याउँछ ।

यी चुनौतीहरूबाहेक बाल श्रम, अभिभावकको कमजोर आर्थिक एवम् शैक्षिक पृष्ठभूमि, शिक्षकहरूमा योग्यताको अभावजस्ता पक्षलाई पनि समाहित शिक्षा कार्यान्वयनका चुनौतीका रूपमा लिन सकिन्छ ।

## ४.३ समावेशी शिक्षाले पुऱ्याएका फाइदाहरुको विश्लेषण गर्नु

समाहित शिक्षाको क्षेत्र व्यापक छ । त्यसैले यसलाई कार्यान्वयनमा ल्याउनुअघि चुनौती र समस्या समाधानका उपायसमेत राम्ररी अध्ययन गर्नुपर्छ । यसलाई विद्यालयमा लागू गर्दा विभिन्न चुनौतीहरू देखापर्दछन् । ती चुनौतीहरूलाई स्वाभाविक रूपमा लिँदै समाधानको खोजी गर्नतर्फ लाग्नु उचित हुन्छ । ती समाधान गर्ने उपायहरूको विषयमा छनोट गरिएका विद्यालयहरूका शिक्षक, अभिभावक, प्र.अ.सँग छलफल गरिएको थियो । जसलाई तल उल्लेख गरिएको छ ।

### ४.३.१ शैक्षिक फइदा

विभिन्न जाति र भाषाभाषी भएका तथा फरक क्षमताका बालबालिकाहरुलाई सँगै रमखेर शिक्षण गर्दा विद्यार्थीहरुमा आफुले जानेका विषयमा अन्तर्क्रिया हुन्छ, ज्ञान बाँड्ने काम हुन्छ । जान्नेले नजान्नेलाई सिकाउँछ । सिक्ने उत्प्रेरण जगाउदछ । उनिहरु बिच छलफल, कुराकानि सञ्चालन हुन्छ, जुले गर्दा उनिहरुबीच मैत्रीपूर्ण भावना पैदा हुन्छ । यसबाट शिक्षण सिकाइ प्रभावकारी हुन्छ र विद्यार्थीको परीक्षाको नतिजा पनि राम्रो हुन्छ ।

### ४.३.२ सांकृतिक फाइदा

समावेशी शिक्षाको व्यस्थापन भएपछि फरकफरक संस्कृति भएका बालबालिकाबीच उनिहरुको संस्कृतिको चालचलन र रीतिरिवाजहरुकारे अनुभव साटासाट हुन्छ । फरक संस्कार

र संस्कृति भएका बालबालिकाहरुबीच हेलमेल र घुलमिल बढ्छ । यसले एकअर्काको संकस्कृति प्रति परिचितहुने अवसर प्राप्तहुन्छ । रमाउने र सम्मान गर्ने परिपाटिको विकास गराउँछ । एकअर्काको संस्कृतिमा भएका सकारात्मक, ज्ञानबर्द्धक र विशिष्ट विषयहरुका बारेमा सबैलाई जानकारी हुन्छ । यसो हुदाँ हरेक जाति र समुदायको सांस्कृतिक पक्ष सम्मृद्ध हुन सहयोग पुग्छ । परिणमस्वरुप हरेक जाति र समुदमयको संस्कृति युगौँयसगसम्म रहिरहन्छ ।

### ४.३.३ सामाजिक फइदा

समाजमा विभिन्न समुदायका मानिस हुन्छन् । उनीहरुका आआफ्नै चाड र परम्पराहरु हुन्छन् । तिनिहरुका आआफ्नै व्यवहारहरु हुन्छन् । तिनीहरुकै बालबालिकाहरु समावेशी कक्षामा सहभागी हुदाँ उनीहरुबीच मित्रता बढ्छ । उनीहरु एकअर्कामा सहयोग गर्न उत्प्ररित हुन्छन् । त्यस्तै गरेर परिवारिक सम्बन्ध पनि बढ्छ । यसरी समावेशी कक्षामा उनीहरुबीच घुलमिल हुदाँ सामाजिक मेलमिलमपको वातावरण बन्छ । समाजमा मिलेर बस्नुर्पछ, आपत परेकालाई सहयोग गर्नु र्पदछ भन्ने सामाजिक एकताको भावनाको विकास हुन्छ ।

## ४.४ समावेशी शिक्षा व्यवस्थापनमा देखिएका समस्या समाधानका उपायहरु

समाहित शिक्षाको क्षेत्र व्यापक छ । त्यसैले यसलाई कार्यान्वयनमा ल्यायनुअघि चुनैति र समस्याका समाधाका उपाय समेत राम्ररी अध्ययन गर्नुर्पछ । यसलाई विद्यालयमा लागुगर्दा विभिन्न चुनैतिहरु देखापर्दछन् । ती चुनैतिहरुलाई स्वाभाविक रुपमा लिँदै समाधानको खोजी गर्नतर्फ लाग्नु उचित हुन्छ । ती समाधान गर्ने उपायहरुको विषयमा छनोट गरिएका विद्यालयहरुका शिक्षक, अविभावक,प्र.अ संग छलफल गाीएको थियो । जसलाई तल उल्लेख गरिएको छ ।

### ४.४.१ आर्थिक समस्या समाधानका उपाय

समाहित शिक्षा लागू गर्न विद्यालयको प्रमुख चुनौतीका रुपमा रहेको आर्थिक समस्या समाधान गरिनु पर्छ । समाहित शिक्षा अन्तर्गत सबै खालका विद्यार्थीलाई एकै ठाउँ राखेर समाहित कक्षा सञ्चालन गर्नुपर्छ । कक्षाकोठामा आवश्यक सामग्री तथा कक्षाकोठाकै अभाव

पनि हुनजान्छ । विशेष अवस्थाका विद्यार्थीहरूलाई कक्षाकोठामा विभिन्न क्रियाकलाप तथा त्यहाँ सम्भव नहुने खासखास क्रियाकलाप छुट्टै गराउन विद्यालयको आर्थिक अवस्था सुदृढ हुनैपर्छ । यसै विषयमा अध्ययनका लागि छनोट गरिएका विद्यालयका प्र.अ. तथा शिक्षक शिक्षिकाहरूसँग अन्तर्वार्ता र छलफल गर्दा समाहित शिक्षा लागू गर्न विद्यालयको आर्थिक पक्ष राम्रो हुनु पर्छ भन्ने भनाइ प्राप्त भयो । त्यस्तै गरेर अभिभावकको सुदृढ आर्थिक अवस्थाले पनि बालबालिकाको शिक्षामा अप्रत्यक्ष तर सकारात्मक प्रभाव पार्ने उहाँहरूको निष्कर्ष छ ।

छनोट गरिएका विद्यालयको आर्थिक पक्ष हेर्दा श्री जनता उ.मा.वि.मा सरकारले दिने अनुदानबाहेक दुईवटा पोखरी र चौरको घाँस ठेक्का दिने गरिएको छ । श्री जनता मा.वि.को १५ कठ्ठा जग्गा ठेक्काबाट हुने आम्दानी नै अन्य आम्दानीको स्रोत रहेको छ । त्यस्तै श्री अमर नि.मा.वि. र श्री लालजनकल्याण प्र.वि.को पनि चौरको घाँस ठेक्का नै आम्दानीको स्रोत रहेको छ । कञ्चनजङ्घा प्राविको चौर सानो भएकाले ठेक्का नलाग्ने र अन्य आम्दानीको स्रोत पनि केही छैन । छनोट गरिएका विद्यालयहरूमध्ये सबैभन्दा राम्रो आम्दानीको स्रोत भएको विद्यालय श्री जनता उ.मा.वि. रहेको छ ।

विद्यालयको आम्दानी स्रोत बढाउनका लागि विद्यालयले दाताहरूको खोजी गरी चन्दा सङ्कलन गर्नुपर्छ । विद्यालयको आर्थिक अवस्था राम्रो भएमा विद्यार्थीको आवश्यकताअनुसार शैक्षिक सामग्रीको प्रयोग गर्न र उपयुक्त भौतिक तथा शैक्षिक वातावरण तयार भए समाहित शिक्षा लागू गर्न सकिन्छ । त्यस्तै जग्गा भएका विद्यालयहरूका हकमा सो जग्गालाई नगदे बाली जस्तो छोटो समयमा उत्पादन दिइरहने पेसा वा व्यवसायमा लगाउन सके विद्यालयको आर्थिक स्थिति सुधार्न सकिने देखिन्छ । विद्यालयको आम्दानी यसरी बढाउन सके दरबन्दी कम भएका विद्यालयमा निजी स्रोतबाट शिक्षकको व्यवस्था गरी पठनपाठनको गुणस्तर बढाउन सकिन्छ ।

छनोट गरिएका विद्यालयहरूमा अध्ययनरत बालबालिकाका अभिभावकहरू अधिकांश दैनिक ज्यालादारीका मजदुर रहेका छन् । उनीहरू आफ्नो आर्थिक स्थिति केही सुदृढ भएमा सामुदायिक विद्यालयबाट नानीहरू झिकेर नजिकको संस्थागत विद्यालयमा लगाउने प्रवृत्ति छ । यसमा अझ वैदेशिक रोजगारीमा गएका अभिभावकका छोराछोरीलाई सामुदायिकबाट झिकेर नजिकको संस्थागत विद्यालयमा हालिदिने चलन बढेको छ । त्यसैले छनोट गरिएका सामुदायिक विद्यालयमा भएका बालबालिकाका अभिभावकहरूको आर्थिक पृष्ठभूमि प्रायः कमजोर रहेको छ ।

गरिबीको दुश्चक्रले गाँजेपछि बालबालिकाको वृद्धि र विकासमा चौतर्फी असर पारेको छ । बालबालिकाको स्वास्थ्य, गास, बास र कपासमा गरिबीले नकारात्मक असर पारेको छ । अभिभावकको अर्थिक अवस्थासँग जोडिएका खाने, बस्ने, लगाउने तथा बालबालिकाको स्वास्थ्य बिग्रिने जस्ता निरन्तरको समस्यामा हुर्किएका बालबालिकाको विद्यालयमा अनियमितता हुने गरेको छ । अनियमितताले पढाइ छुट्ने, पढाइ छुट्दा सिकाइ नहुने र आफूभन्दा अरु जान्ने हुँदा बालबालिकाको मानसिकतामा नकारात्मक असर पर्न गई पढनबाट पछि हट्ने बानीको विकास हुनसक्छ । छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक र अभिभावकसँगको अन्तर्क्रियामा पनि अभिभावकको कमजोर आर्थिक अवस्थाले बालबालिकाको विनाभेदभाव शिक्षा आर्जन गर्ने अधिकारमा यसरी असर पुऱ्याइरहेको औंल्याइयो । यो अवस्थामा दैनिक ज्यालामजदुरी गर्ने अभिभावकलाई चेतना दिने खालका कार्यक्रम गर्नुपर्छ । आफूले नपढेकैले दैनिक मजदुरी गर्नु परेको र आफ्ना बालबालिकालाई यो र त्यो बहानामा विद्यालय नियमित नपठाउने, उनीहरूको पठनपाठनमा ध्यान नदिने हो भने भोलिका दिनमा आफ्ना बालबच्चाले पनि यसरी नै दुःख गर्नुपर्ने छ भनेर ती मजदुर अभिभावकलाई बुझाउन सके उनीहरूको आर्थिक समस्याको असर उनीहरूका बालबच्चाको पढाइमा पर्ने थिएन । त्यस्तै गरेर बालबच्चालाई विद्यालय पठाएवापत प्रोत्साहन स्वरुप सरकारले शैक्षिक सामग्रीहरू, खाजा कार्यक्रमहरू ल्याउन सके अभिभावकलाई परिरहेको आर्थिक समस्याको असर बालबालिकासम्म पुग्दैन ।

स्थानीय निकायले पनि विद्यालयको समस्यामा चासो देखाउनु पर्छ । कमजोर आर्थिक अवस्था भएका विद्यालयलाई स्थानीय निकायले आवश्यकता हेरी वार्षिक बजेट विनियोजन गर्नुपर्छ । स्थानीय संस्था तथा समुदायहरूले पनि विद्यालयलाई परेको आर्थिक समस्यामा विचार गरी सहयोग जुटाउनु पर्छ । ती संस्था तथा समुदायहरूले विभिन्न चाडपर्वका अवसरमा नाच, पुराण तथा अन्य सांस्कृतिक कार्यक्रम आयोजना गरी विद्यालयलाई आर्थिक टेवा पुऱ्याउन सक्छन् । विद्यालयका भौतिक तथा शैक्षिक सामग्रीको सही उपयोग गरेर शिक्षकहरूले पनि विद्यालयको आर्थिक समस्याविरुद्ध सहयोगी भूमिका खेल्न सक्छन् । विद्यालयमा उपलब्ध भएका ती सामग्रीको सही उपयोग हुने हो भने तिनको टिकाउ अवधि पनि बढी हुन्छ, जसले विद्यालयलाई आर्थिक रुपले मितव्ययी बनाउँछ । यसरी विद्यालयमा उत्पन्न आर्थिक समस्याको

निराकरणका लागि विद्यालय प्रशासन, स्थानीय निकाय, स्थानीय संघसंस्था, शिक्षक, दातृनिकायहरूले सहयोग पुऱ्याउन सक्छन् ।

### ४.४.२ शिक्षकको योग्यताको समस्या समाधानका उपाय

विद्यार्थीले शिक्षकलाई आदर्श व्यक्तिका रूपमा लिन्छन् । यो विद्यार्थीले शिक्षकलाई दिएको सम्मान हो । यो साख जोगाइराख्न शिक्षकले सधैँ कसरी सबै विद्यार्थीले विभेदरहित र गुणस्तरीय शिक्षा सजिलै हासिल गर्न सक्छन् भन्ने चिन्तन गर्नुपर्छ । समाहित शिक्षाको अवधारणाअनुसार एउटा कक्षाकोठाका विद्यार्थीमा शारीरिक अवस्था, क्षमता तथा योग्यताका आधारमा विविधता हुन्छ । यी सबै विशेष अवस्थाका विद्यार्थीहरूलाई सक्रिय गर्ने गरी शिक्षकले शैक्षिक क्रियाकलाप गराउनुपर्छ । एकै ठाउँमा सम्भव नै नहुने क्रियाकलापलाई छुट्टै गराउनु पर्छ । यी सबै विषयमा शिक्षक निपुण हुनुपर्छ । नवीनतम् शैक्षिक उपलब्धि र ज्ञानबारे साक्षात्कार भइरहनुपर्छ । शिक्षक विषयवस्तुप्रति मात्र नभई सम्पूर्ण पक्षमा पर्याप्त ज्ञान भएको हुनुपर्दछ ।

समाहित शिक्षा लागू गर्दा शिक्षकको योग्यताले पनि महत्त्वपूर्ण प्रभाव पार्दछ भन्ने कुरा प्र.अ. तथा शिक्षकसँग छलफल गर्दा प्राप्त भयो । एक योग्य र तालिम प्राप्त शिक्षकले कक्षाकोठालाई समावेशी तरिकाले व्यवस्थापन गरी शिक्षण गर्न सक्छ । तसर्थ शिक्षकलाई बेलाबेलामा पुनर्ताजकी तालिम दिई प्रविधि तथा शिक्षणका नवीनतम् उपलब्धिबारे जानकारी दिई योग्य बनाउनु पर्छ । समाहित शिक्षा शिक्षण सिकाइमा प्रयोगमा आएको नवीन अवधारणा हो । परम्परागत तरिकाले पठनपाठन गराउँदै आएका शिक्षकहरूलाई सरकारले समाहित शिक्षा सम्बन्धी लामो तथा छोटो अवधिको तालिम सञ्चालन गर्नुपर्ने देखिन्छ । सबै विद्यालयका प्र.अ. तथा शिक्षकहरूबाट प्राप्त सूचना-प्रतिक्रिया तथा प्रत्यक्ष एवम् अप्रत्यक्षरूपमा गरिएको कक्षा शिक्षण अवलोकनबाट प्राप्त जानकारीहरूलाई विश्लेषण गर्दा समाहित शिक्षा लागू गर्नको लागि शिक्षक योग्य, क्षमतावान् र तालिम प्राप्त हुनुपर्छ भन्ने देखिन्छ । शिक्षण सिकाइका नवीनतम् उपलब्धिबारे जानकारी गराई सिकाइलाई प्रभावकारी बनाउन शिक्षकलाई सरकारले तालिमको व्यवस्था गर्नुपर्छ । योग्य शिक्षकले उपयुक्त विद्यार्थी केन्द्रित शिक्षण विधि छनोट गरी शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्ने गरेको पाइन्छ । त्यसैले विद्यार्थी केन्द्रित शिक्षण विधिबारे

शिक्षकहरूलाई तालिमको व्यवस्था गरी तालिमबाट प्राप्त कुराहरू उनीहरूले कक्षामा प्रयोग गरेनगरेको समेत अनुगमन गर्नुपर्ने अवस्था छ ।

### ४.४.३ अभिभावकहरुबाट सिर्जित समस्याको समाधानका उपाय

प्र.अ. तथा शिक्षकसँग छलफल गर्दा शिक्षित अभिभावकका छोराछोरी विद्यालय नियमित उपस्थित हुने र परीक्षामा पनि उत्तीर्ण हुने गरेको पाइन्छ । तर विद्यालय नियमित नआउने, बीचमा पढाइ छोडी घर जाने र परीक्षामा पनि अनुत्तीर्ण हुने न्यून आय स्तर भएका अशिक्षित अभिभावकका छोराछोरी बढी रहेको पाइन्छ ।

अभिभावकलाई शैक्षिक चेतनामूलक कार्यक्रम सञ्चालन गरी उनीहरूलाई सचेत बनाउन सके विद्यालयमा समाहित शिक्षा कार्यक्रम लागू गर्न सकिने राय सरोकारवालाहरूले दिए । अभिभावक शिक्षित भएमा उनीहरूको आयआर्जन बढ्ने र सामाजिक तथा आर्थिक चुनौतीलाई समाधान गर्न सकिने देखिन्छ । उनीहरूमा शिक्षाको महत्त्व बढाउन सके सबै बालबालिकाले विना भेदभाव शिक्षाको अवसर पाउनेछन् । आफू अशिक्षित हुँदा भोगेको आर्थिक एवम् सामाजिक समस्यालाई सम्झाउन सके उनीहरू आफ्ना बालबच्चाको पढाइका लागि अझ दुःख गर्न तयार हुन्छन् ।

त्यसकारण अशिक्षित अभिभावकमा पनि चेतना भर्न सके उनीहरूका बालबालिका पनि स्वतन्त्रपूर्वक शिक्षा आर्जन गर्नेछन् । यसको लागि विद्यालयले हरेक शैक्षिक सत्रमा विद्यार्थी भर्ना अभियान सञ्चालन गर्नुपर्छ । अशिक्षित अभिभावकलाई उनीहरूकै दुःखले भरिएको जीवन शैली र परिवेशसँग जोडेर शिक्षाको महत्त्व दर्शाउनुपर्छ । स्थानीय समुदाय तथा सङ्घसंस्थाहरूले पनि शैक्षिक चेतना जगाउने खालका कार्यक्रम गरेर सबैका लागि शिक्षा, समाहित शिक्षा कार्यक्रमहरूमा सहयोग पुऱ्याउन सक्छन् । दातृनिकाय तथा सरकारले पनि अशिक्षित तथा मजदुर वर्गका अभिभावकलाई आफ्ना बालबालिकालाई विद्यालय पठाउनेतर्फ आकर्षित गर्न खाजा कार्यक्रम तथा अन्य उपहार कार्यक्रम गर्न सक्छन् ।

### ४.४.४ पाठ्यक्रमका समस्या समाधानका उपाय

दिनप्रतिदिन बद्लिँदो ज्ञानको क्षेत्रमा पाठ्यक्रम समयसापेक्ष परिमार्जन हुन नसक्नु पाठ्यक्रमसम्बन्धी समस्या रहेको छ । फरकफरक क्षमता र आवश्यकता भएका विद्यार्थीको

निम्ति एउटै पाठ्यक्रम तयार भई त्यसैअनुसारका पठ्यपुस्तकहरू निर्माण भएका हुन्छन् । बालबालिकाको क्षमता, चाहना र रुचिअनुसारको पाठ्यक्रम तयार भई सोहीअनुरुप पाठ्यपुस्तक निर्माण भएमा विद्यालयमा समाहित शिक्षा प्रभावकारी रुपमा लागू गर्न सकिन्छ । दृष्टिविहीन बालबालिकाका लागि ब्रेल लिपि र सुनेर ज्ञान लिने खालका सामग्री हुनुपर्छ । त्यसैगरी सुस्त मनस्थिति भएकालाई धेरै चित्र भएका चित्रकथा र बोल्न नसक्नेका लागि साङ्केतिक भाषाको प्रयोग भएका सामग्रीहरू पाठ्यक्रममा उल्लेख गरी सोहीअनुरुपका पाठ्यपुस्तक निर्माण हुनुपर्दछ ।

भिन्नाभिन्नै मातृभाषा भएका बालबालिकालाई अर्कै भाषामा अध्यापन गराउँदा उनीहरूमा भाषाकै कारण सिकाइमा समस्या देखापरेको छ । भाषाका कारणले पनि सबै खालका बालबालिका एकै ठाउँमा बसेर समाहित शिक्षाको अवधारणा अनुसार अध्ययन गर्न सकेका छैनन् । त्यसैले फरकफरक मातृभाषा भएका बालबालिकालाई उनीहरूको चाहनाअनुसार मातृभाषाको पाठ्यक्रम निर्माण गरी सरकारले सोहीअनुसार पठनपाठनको व्यवस्था गर्नुपर्छ ।

### ४.४.५ राजनीतिक समस्या समाधानका उपाय

विद्यालयलाई राजनीतिमुक्त, द्वन्द्वरहित र शान्ति क्षेत्र घोषणामा मात्र होइन, व्यवहारमा पनि लागू हुनुपर्छ । विद्यालयमा शिक्षक छनौट गर्दा हाम्रा शिक्षक होइन, राम्रा शिक्षक छनौट गर्नुपर्छ । राजनीतिक दलहरूले बन्द आह्वान गर्दा त्यसको प्रत्यक्ष असर विद्यालयका बालबालिकाको पठनपाठनमा पर्ने गर्दछ । त्यसकारण क्षेत्रीय, स्थानीय, जातीय, राष्ट्रिय दल वा सङ्घसंस्थाहरूले शिक्षालाई राजनीतिभन्दा उच्च स्थानमा राख्नुपर्ने देखिन्छ ।

विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन राजनीतिक रुपमा नगरी नियमअनुसार विद्यालयको हितमा हुनेगरी गर्नुपर्छ । यसो भएमा विद्यालयको शैक्षिक अवस्थामा सुधार हुनसक्छ ।

### ४.४.६ प्रशासनिक तथा व्यवस्थापकीय समस्या समाधानका उपाय

विद्यालयमा देखापर्ने चुनौतीहरूमा प्रशासनिक तथा व्यवस्थापकीय समस्या पनि प्रमुख समस्या हो । प्रशासन चुस्त र दुरुस्त सञ्चालन भएको विद्यालयले राम्रो प्रतिफल प्राप्त गर्दछ ।

प्र.अ. विद्यालयको प्रशासकीय प्रमुख हो । प्र.अ.ले सदैव सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ । प्र.अ. आफ्नो काम, कर्तव्य र अधिकारमा निपुण भए विद्यालयमा आइपर्ने राजनीतिक, सामाजिक चुनौतीहरू पनि स्वतः कम भएर जान्छन् । जिल्ला शिक्षा कार्यालयले प्र.अ.हरूको भेला गराई विद्यालयहरूमा भएका सम्पूर्ण समस्या समाधानमा खुला छलफल गर्नुपर्छ । छलफलबाट प्राप्त भएका विद्यालयका साझा तथा निजी समस्याको समाधानका उपायहरू सुझाउनु पर्छ । प्रशासकीय प्रमुखको हैसियतले आफ्नो विद्यालयका भाव र अभावहरूलाई सम्बन्धित निकायमा जानकारी गराउन तथा सहयोग माग्न प्र.अ.ले कुनै कसर बाँकी राख्नु हुँदैन ।

त्यसैगरी व्यवस्थापन पक्ष पनि विद्यालयको महत्त्वपूर्ण पाटो हो । यसले विद्यालयका स्थानीय तह र तप्काबाट समाधान हुन सक्ने समस्याहरूको समाधान खोज्नुपर्छ । शिक्षक तथा कर्मचारी नियुक्ति, विद्यालयका शैक्षिक तथा सम्पूर्ण भौतिक सामग्रीहरूको व्यवस्थापन विद्यालय व्यवस्थापन समितिले हेर्ने गर्छ । हरेक विद्यालयमा गठन हुने शिक्षक अभिभावक सङ्घले पनि विद्यालयमा आइपरेका समस्याहरूको समाधानमा सहयोग पुऱ्याउँछ । त्यसैले समस्या परेका बेलामा ती समितिहरूको भेला गराउनु पर्छ र व्यक्तिगत, राजनीतिक तथा सामाजिक पूर्वाग्रहबाट मुक्त भई समाधान खोज्नुपर्छ । समितिहरूले विद्यालयलाई स्थानीय स्रोत परिचालन गरी व्यवस्थापकीय चुनौतीहरूको समाधान गर्नुपर्छ । स्थानीय तहबाट समाधान हुन नसक्ने समस्याको समाधानका लागि जि.शि.का.मा सिफारिस गर्नुपर्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

छोरा र छोरीप्रति अभिभावकको फरक व्यवहारले छनोट गरिएका विद्यालयमा छात्रभन्दा छात्राको सङ्ख्या बढी देखिएको छ । यसले बालबालिकाको शिक्षामा सामाजिक विभेद र असमानता रहेको स्पष्ट सङ्केत गरेको छ । त्यस्तै शिक्षकले जान्ने विद्यार्थीसँग बढी अन्तर्क्रिया गर्नाले जान्ने विद्यार्थी अझ बढी जान्ने र नजान्ने विद्यार्थी झन् नजान्ने भइरहेका छन् । शारीरिक तथा बौद्धिक अपाङ्ता भएका बालबालिकाहरू विद्यालयमा कम रहेका र छुट्टै व्यवस्था नभएकोले तिनीहरू पनि शिक्षाको समान अवसर र अधिकारबाट वञ्चित भएका छन् । अभिभावकहरू अशिक्षित र गरिब हुँदा पनि त्यसको प्रत्यक्ष असर तिनका बालबालिकाको शिक्षामा परिरहेको छ । विद्यालयमा अनियमित उपस्थिति तथा घरमा पढ्ने वातावरण नहुनुले अन्य बालबालिकाको तुलनामा उनीहरूको सिकाइ कमजोर हुनेगरेको छ । अर्कातिर मातृभाषामा शिक्षण गर्ने व्यवस्था नहुँदा नेपालीभन्दा भिन्न मातृभाषा भएका बालबालिकाहरू भाषिक सम्प्रेषणको समस्याले सिकाइमा पछि परिरहेका छन् । त्यसैले प्राथमिक शिक्षण सिकाइमा देखिएका यी समस्याहरूको समाधान गर्ने अचुक उपाय भनेको समाहित शिक्षा नै हो भन्ने देखिन्छ ।

## ५.२ सुझावहरू

यस अध्ययनमा प्राथमिक तहमा समाहित शिक्षासम्बन्धी गरिएको अध्ययनको आधारमा निकालिएको निष्कर्षअनुसार भविष्यमा लिइनुपर्ने नीतिगत निर्णयहरू, अभ्यास तहमा गरिनुपर्ने कार्यहरू र अनुसन्धान तहमा थप ज्ञान हासिल गर्नुपर्ने देखिएकोले निम्न सुझावहरू दिइएकोछ ।

### ५.२.१ नीतिगत तहका लागि सुझावहरू

समाहित शिक्षा विशेष प्रकृतिका बालबालिकाहरूका लागि मात्र हो भन्ने सङ्कुचित धारणा हटाई शैक्षिक अवसरबाट वञ्चित हुने खतरामा रहेका सबै किसिमका बालबालिकाहरूको लागि समेट्ने शिक्षा हो भन्ने अवधारणाको प्रबोधीकरण गर्नुपर्ने नीति बनाउनु पर्दछ । यसअघि नै

जारी भइसकेको प्राथमिक तहसम्म मातृभाषाको माध्यममा शिक्षा दिने नीतिलाई कार्यान्वयन गर्नुपर्छ । पाठ्यक्रम तथा शिक्षण पद्धतिलाई बालकेन्द्रित बनाउने नीति तयार गर्नुपर्छ । विद्यालय, समुदाय, अभिभावक र विद्यार्थीबीचको सम्बन्धलाई सुमधुर पार्ने साथै विद्यालय सुधार योजना निर्माण गर्दा भौतिक तथा शैक्षिक पक्षको सुधारका लागि विशेष कार्यक्रमको तर्जुमा गर्नुपर्ने नीति बनाउनु पर्दछ ।

विद्यालयमा दण्ड र विभेदरहित वातावरण सिर्जना गरी सबै बालबालिकाहरूलाई समान शैक्षिक अवसर तथा गुणस्तरीय शिक्षा दिने नीति बनाउनु पर्दछ । विद्यालय सञ्चालन गर्न सरकारी अनुदानमा मात्र भर नपरी स्थानीय स्रोतहरूको पहिचान गरी अधिकतम उपयोग गर्ने वातावरण सिर्जना गर्नुपर्दछ । यस्तो कार्यमा स्थानीय निकायहरू जस्तै : जि.वि.स., नगरपालिका/गा.वि.स. तथा विभिन्न सङ्घसंस्थाहरूसँग साझेदारी गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

## ५.२.२ अभ्यास तहका लागि सुझावहरू

अध्ययनको निष्कर्षका आधारमा बालबालिकाहरूको विद्यालयमा सहभागिता वृद्धि गराउनको लागि सामुदायिक विद्यालयमा काम गर्ने शिक्षक, कर्मचारी तथा समाजबीच घनिष्ठ सम्बन्ध कायम राख्नुपर्दछ । विद्यालयमा विद्यार्थी नै भएनन् भने विद्यालयको अस्तित्व र शिक्षक कर्मचारीको महत्त्व रहन सक्दैन । त्यसैले विद्यार्थीको सहभागिता वृद्धि गराउनको लागि बालबालिकाहरूमा विद्यालयप्रति उत्प्रेरणा जगाउन उनीहरूको इच्छा, आकाङ्क्षा र आवश्यकता पहिचान गरी सोहीअनुरूप विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्न सक्नुपर्दछ ।

निम्न माद्यमिक तहमा विद्यार्थी सहभागिता बढाउने उपायहरूमा गरिबी निवारण गर्ने, शिक्षाको महत्त्व र आवश्यकतालाई सर्वव्यापीकरण गर्ने, शैक्षिक सुविधाहरूको विस्तार गर्ने र शैक्षिक उत्प्रेरणा जगाउने जस्ता कार्यक्रमहरू सरकारी तवरबाट विद्यालयमा सञ्चालन गर्नुपर्ने देखिन्छ । यसमा दातृ निकायको पनि सहयोगी भूमिका अपेक्षित देखिन्छ ।

विद्यार्थीको शैक्षिक उपलब्धिमा सुधार गर्न निर्माणात्मक मूल्याङ्कन विधिको प्रयोग बढी गर्नुपर्ने देखिन्छ । शिक्षकले बालबालिकाहरू बढी अनुत्तीर्ण हुने कारणहरू पहिचान गरी समस्या

समाधानतर्फ कदम चाल्नुपर्दछ । विद्यालय प्रशासनले बालबालिका तथा अभिभावकहरूले पढाइप्रति रुचि नदेखाउनुका कारणहरू पत्तालगाई समस्या समाधानका लागि पहल गर्नु पर्दछ ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझावहरू

अध्ययनको क्रममा केही महत्त्वपूर्ण तथ्यहरू अगाडि आएका छन् । तल उल्लिखित विषयहरूमा थप अनुसन्धानको आवश्यकता देखिएको छ ।

क) विद्यालयमा समाहित कक्षाकोठाको अवस्थाका बारेमा अनुसन्धान गरिनु पर्ने देखिन्छ ।

ख) शैक्षिक विकासका लागि उच्च र निम्न आर्थिक स्तरका विद्यार्थीहरूका अभिभावकहरूको सक्रियतासम्बन्धी अध्ययन गरिनुपर्ने देखिन्छ ।

ग) समाहित शिक्षाको आवश्यकता तथा चुनौती विषयमा अनुसन्धान हुन आवश्यक देखिन्छ ।

अन्त्यमा जुनसुकै समुदाय, वर्ग, लिङ्ग र जातिका भए पनि बालबालिकाहरू समान हुन्छन् । उनीहरू भनेका भविष्यका कर्णधार, आशाभरोसाका केन्द्र र राष्ट्रका निर्माता हुन् । त्यसैले बालबालिबाहरू भोलिका उज्याला भविष्यमात्र होइनन् वर्तमानका हिस्सेदार पनि हुन् । उनीहरूको वर्तमानप्रति हामी संवेदनशील नहुनु हाम्रो भविष्यलाई अँध्यारोतिर धकेल्नु हो भन्ने कुरालाई आत्मसात गर्दै कोही नछुट्ने गरी उनीहरूलाई गुणस्तरीय शिक्षा दिने विषयमा हामी सबैले आ-आफ्ना क्षेत्रबाट पहल गर्नु नै आजको आवश्यकता हो ।

## सन्दर्भ सामग्रीहरू

अधिकारी, विष्णुप्रसाद (२०६६), *निम्नमाध्यमिक अध्ययन अध्यापन अनुमतिपत्र दर्पण,* काठमाडौं : आशीष पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०६९), *निम्नमाध्यमिक शिक्षक दर्पण,* काठमाडौं : आशीष पुस्तक भण्डार ।

कट्टेल, निरञ्जन (२०६५), नेपालमा समाहित शिक्षाको आवश्यकता र चुनौती, *journal of EPMAN,* शैक्षिक योजना तथा व्यवस्थापन समाज नेपाल, कीर्तिपुर, काठमाडौं : *Vol. I,* पृष्ठ १४३-१४५ ।

कार्की, बाबुकाजी, कोइराला, सीताराम, बस्नेत, कुमार (२०६९), समाहित शिक्षा, *सोपान मासिक,* काठमाडौँ : सोपान अध्ययन तथा अनुसन्धान केन्द्र ।

खनाल, तोयानाथ (२०६३), अभिभावक शिक्षा के, किन र कसरी, *शैक्षिक सूचना सँगालो,* भक्तपुर : शिक्षा विभाग, पृ. १-४ ।

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट पब्लिकेसन, कीर्तिपुर ।

जोशी, वाल्मीकिप्रसाद (२०६५), *प्रावि तहमा शिक्षाको पेसागत दक्षता,* अप्रकाशित शोधपत्र, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, त्रि.वि. कीर्तिपुर ।

ढकाल, माधवप्रसाद, कोइराला, मातृकाप्रसाद (२०६३), *शिक्षाका आधारहरु,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

तिवारी, अरुणकुमार (२०६६), समाहित शिक्षा, *शैक्षिक सूचना सँगालो,* समाहित शिक्षा पृ. ९१- ९३, काठमाडौँ : शिक्षा विभाग ।

निरौला, कामना (२०६८), *शैक्षिक विकासमा समाहित शिक्षा,* अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि., कीर्तिपुर ।

बाँस्तोला, भेषराज (२०६३), *प्राथमिक शिक्षक तालिमले शिक्षण सिकाइमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, त्रिवि कीर्तिपुर, काठमाडौँ ।

शर्मा, गोपीनाथ (२०५७), *नेपालको शिक्षाको इतिहास,* काठमाडौँः लुम्बिनी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जिवी (२०५८), *शिक्षाका आधारहरू,* काठमाडौँः एमके पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, चिरञ्जीवी, शर्मा, निर्मला (२०६६), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* काठमाडौँ : एमके पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, वसन्त (२०६९), *शिक्षक सेवा आयोग परीक्षा सहयोगी,* काठमाडौँ : ट्रिनिटी प्रकाशन प्रा.लि.।

सिंह, नागेश्वर (२०६४), *विद्यालय निरीक्षक प्रश्नोत्तर रूपमा,* काठमाडौँ: पैरवी प्रकाशन ।

Acharya, S. (2007). *Social Inclusion : Gender and Equality in Education. SWAPS in South Asian, Nepal Case Study.* Kathmandu :UNICEF.

CERID (2005). *Access Of Disadvantage Children to Education, A Study Report 1,* Kathmandu : CERID.

CERID (2006). *Situation of Inclusive classroom in nepal, A study Report 10,* Kathmandu : CERID.

Keane, J. (2006). *Child–Friendly and Inclusive for all,* Kathmandu : UNICEF Regional Office for South Asia.

Subedi B.R. (2004), Predicting Student Achivment : A Multilevel Analysis of Classroom and Schools. Education and Development Kathmandu. Research Center for Education and Development (CERID) vol II, P. 19.

## प्राथमिक तहमा समाहित शिक्षाको अवस्था

## अनुसूची १

## शोधपत्रमा अध्ययन गर्न छनोट गरिएका विद्यालय र यसमा संलग्न गरिएका शिक्षक, विद्यार्थी, अभिभावक र प्र.अ.को विवरण

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | प्र.अ.को नाम |
|---|---|---|---|
| १ | श्री सुकुना उ.मा.वि. | को. हरैँचा - ०१ | अमृत प्रसाद आचार्य |
| २ | श्री जनता मा.वि. | को. हरैँचा - ०९ | कृष्ण प्रसाद गुरागाई |
| ३ | श्री कविर मा.वि | को. हरैँचा - ०४ | दुर्गा प्रसाद गौतम |
| ४ | श्री पञ्चायत नि.मा.वि. | को. हरैँचा - ०३ | हरि प्रसाद फूयाल |
| ५ | श्री हिमालय नि.मा.वि | को. हरैँचा - १२ | होम प्रसाद खनाल |

**विद्यार्थीको नामावली**

| | |
|---|---|
| १ रिता चौधरी | श्री सुकुना उ.मा.वि. |
| २ इन्दिरा दर्जी | श्री सुकुना उ.मा.वि. |
| ३ गोपाल मगर | श्री सुकुना उ.मा.वि. |
| ४ सीता भुजेल | श्री सुकुना उ.मा.वि. |
| ५ शेखर खवास | श्री सुकुना उ.मा.वि. |
| ६ अर्चना खवास | श्री जनता मा.वि. |
| ७ विशाल राजवंशी | श्री जनता मा.वि.. |
| ८ ममता विक | श्री जनता मा.वि. |
| ९ सुमन खनाल | श्री कविर मा.वि |
| १० सरिता मिजार | श्री कविर मा.वि |
| ११ राजेश भुजेल | श्री कविर मा.वि |
| १२ सन्जु मण्डल | श्री कविर मा.वि |
| १३ आर्यन पोमू | श्री पञ्चायत नि.मा.वि. |
| १४ सरु लकान्द्री | श्री पञ्चायत नि.मा.वि. |

| | |
|---|---|
| १५ गंगा श्रेष्ठ | श्री पञ्चायत नि.मा.वि. |
| १६ भरत खवास | श्री पञ्चायत नि.मा.वि. |
| १७ मदन धिमाल | श्री हिमालय नि.मा.वि |
| १८ सञ्जु मुसहर | श्री हिमालय नि.मा.वि . |
| १९ मन्दिरा मिश्र | श्री हिमालय नि.मा.वि |
| २० हरि रोका | श्री हिमालय नि.मा.वि |

**शिक्षकको नामावली**

| | |
|---|---|
| १ नारायण प्रसाद गौतम | श्री सुकुना उ.मा.वि. |
| २ महेश रेग्मि | श्री सुकुना उ.मा.वि. |
| ३ भरत प्रसाद बराल | श्री जनता मा.वि. |
| ४ रोहित प्रसाद ढकाल | श्री जनता मा.वि.. |
| ५ हेमचन्द्र तिमसिना | श्री कविर मा.वि |
| ६ हरिमाया खतिवडा | श्री कविर मा.वि |
| ७ सरिता राजवंशी | श्री पञ्चायत नि.मा.वि. |
| ८ लोकनाथ भण्डारी | श्री पञ्चायत नि.मा.वि. |
| ९ लक्ष्मी गौली | श्री हिमालय नि.मा.वि |
| १० नीलमणि राई | श्री हिमालय नि.मा.वि |

**अभिभावकको नामावली**

| | |
|---|---|
| १ बुद्धिलाल धिमाल | श्री सुकुना उ.मा.वि. |
| २ कुमार दर्जी | श्री सुकुना उ.मा.वि. |
| ३ सन्तबहादुर भुजेल | श्री सुकुना उ.मा.वि. |
| ४ रमा विक | श्री सुकुना उ.मा.वि. |
| ५ छोटु राजवंशी | श्री जनता मा.वि. |
| ६ गोभावती राजवंशी | श्री जनता मा.वि. |
| ७ रमेश भुजेल | श्री जनता मा.वि. |
| ८ धनीमाया लकान्द्री | श्री जनता मा.वि. |

| | |
|---|---|
| ९ केरकरु ताजपुरिया | श्री कविर मा.वि |
| १० माकै धिमाल | श्री कविर मा.वि |
| ११ धुम्मे मर्डी | श्री कविर मा.वि |
| १२ मुना मगर | श्री कविर मा.वि |
| १३ पद्मा श्रेष्ठ | श्री पञ्चायत नि.मा.वि. |
| १४ हस्तबहादुर खापुङ | श्री पञ्चायत नि.मा.वि. |
| १५ गोपाल मुसहर | श्री पञ्चायत नि.मा.वि. |
| १७ लक्ष्मी खनाल | श्री पञ्चायत नि.मा.वि. |
| १८ रीता मिश्र | श्री हिमालय नि.मा.वि |
| १९ मीना राजवंशी | श्री हिमालय नि.मा.वि |
| २० ममता मण्डल | श्री हिमालय नि.मा.वि |

## प्राथमिक तहमा समाहित शिक्षाको अवस्था

## अनुसूची-२

## कक्षाकोठा अवलोकन फारम

**विद्यालय :** **कक्षाः** **घन्टी :**

| क.सं | विवरण | अत्युत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीको व्यक्तित्व | | | | | |
| क | सफासुग्घरपन | | | | | |
| ख | विद्यार्थीको नियमितता | | | | | |
| २ | कक्षा व्यवस्थापन | | | | | |
| क | कालोपाटीको रखाइ | | | | | |
| ख | कक्षाकोठाको सरसफाइ | | | | | |
| ग | डेक्सबेन्चको रखाइ | | | | | |
| घ | विद्यार्थी अनुसारको फर्निचर | | | | | |
| ङ | दराजको व्यवस्थापन | | | | | |
| च | हावा ओहोरदोहोर गर्ने कोठाको अवस्था | | | | | |
| छ | झ्यालढोकाको अवस्था | | | | | |
| ज | शान्त वातावरण | | | | | |
| झ | विद्यार्थीको बसाइको व्यवस्थापन | | | | | |
| ३ | शैक्षिक सामग्रीको व्यवस्गापन | | | | | |
| क | शैक्षिक सामग्री निर्माणको अवस्था | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ख | शिक्षक निर्मित सामग्रीको प्रयोग | | | | | |
| ग | मुद्रित सामग्रीको प्रयोग | | | | | |
| घ | पाठअनुसारको शैक्षिक सामग्रीको प्रयोग | | | | | |
| ङ | शैक्षिक सामग्री रखाइको अवस्था | | | | | |
| ४ | कक्षाकोठाको अनुशासन | | | | | |
| ५ | कक्षा कार्यमा विद्यार्थीको सहभागिता | | | | | |
| ६ | शिक्षक-विद्यार्थी अन्तर्क्रिया | | | | | |
| क | शिक्षकले शिक्षण गर्दा विद्यार्थीको सक्रियता | | | | | |
| ७ | शैक्षिक सामग्रीको प्रयोग | | | | | |
| ८ | शिक्षण विधि | | | | | |
| क | शिक्षक केन्द्रित विधि | | | | | |
| अ | व्याख्यान विधिको प्रयोग | | | | | |
| आ | प्रश्नोत्तर विधिको प्रयोग | | | | | |
| इ | प्रदर्शन विधिको प्रयोग | | | | | |
| ख | विद्यार्थी केन्द्रित विधि | | | | | |
| अ | प्रयोगात्मक विधिको प्रयोग | | | | | |
| आ | स्थलगत भ्रमण विधिको प्रयोग | | | | | |
| इ | छलफल विधिको प्रयोग | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ई | समस्या समाधान विधिको प्रयोग | | | | | |
| उ | भूमिका निर्वाह विधिको प्रयोग | | | | | |
| ९ | मातृभाषामा शिक्षण | | | | | |

## प्राथमिक तहमा समाहित शिक्षाको अवस्था

## अनुसूची-३

## प्राथमिक तहमा समाहित शिक्षाको अवस्था अध्ययनमा विद्यार्थीका लागि प्रस्तुत गरिएको अन्तर्वार्ता प्रश्नावली :

नाम : कक्षा : क्रमाङ्क :

१ तपाइँ विद्यालयमा नियमित जानुहुन्छ ?

२ जानुहुन्छ भने किन जानुहुन्छ ?

३ जानुहुन्न भने किन जानुहुन्न ?

४ विद्यालय नियमित नजाँदा शिक्षकले के भन्नुहुन्छ ?

५ तपाइँलाई विद्यालय गएर पढन मन लाग्छ ?

६ लाग्छ भने मन लाग्ने केके कारणहरू छन् ?

७ लाग्दैन भने केके कारणले लाग्दैन ?

८ तपाइँ कुनै परीक्षामा असफल हुनुभएको छ ?

९ हुनुभयो भने किन हुनुभयो होला ?

१० कक्षाकोठामा तपाइँलाई कसरी राखिएको छ ?

११ तपाइँलाई शिक्षकले के भनेर बोलाउनुहुन्छ ?

१२ तपाइँ कक्षाकोठाको कुन भागमा बस्नुहुन्छ ?

१३ कक्षाकोठाको त्यही ठाउँमा किन बस्न मनलाग्छ ?

१४ अध्ययनमा जान्ने विद्यार्थीलाई शिक्षकले कस्तो व्यवहार गर्नुहुन्छ ?

१५ तपाइँलाई शिक्षकले कस्तो व्यवहार गर्नुहुन्छ ?

१६ विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापमा भाग लिने गर्नुभएको छ ?

१७ छ भने कुनकुन क्रियाकलापमा भाग लिनुहुन्छ ?

१८ छैन भने किन नलिनुभएको हो ?

१९ क्रियाकलापमा भागलिन शिक्षकले कसरी उत्साहित गराउनु हुन्छ ?

२० तपाइँलाई शिक्षकले माया गर्नुहुन्छ ?

२१ कसरी गर्नुहुन्छ ?

२२ गर्नुहुन्न भने कसकसलाई माया गर्नुहुन्छ ?

२३ तपाईँलाई शिक्षकले केके भनेर सम्बोधन गर्नुहुन्छ ?

२४ तपाईँलाई शिक्षकले गाली गर्नुहुन्छ ?

२५ तपाईँलाई नराम्रो लाग्ने शब्दहरू शिक्षकले केके प्रयोग गर्नुहुन्छ ?

२६ शिक्षकले प्रयोग गर्ने केकस्ता शब्दहरू तपाईँलाई मन पर्दैन ?

२७ गर्नुहुन्छ भने के भनेर गर्नुहुन्छ ?

२८ खेल खेलाउँदा शिक्षकले छात्रछात्रालाई सामूहिक खेलाउनुहुन्छ कि छुट्टै समूह बनाएर ?

२९ तपाईं र तपाईंको साथीलाई शिक्षकले समान व्यवहार गर्नुहुन्छ ?

३० नबुझेको कुरा शिक्षकलाई सोध्ने गर्नुभएको छ ?

३१ नबुझेको कुरा सोध्दा तपाईँलाई शिक्षकले कस्तो व्यवहार गर्नुहुन्छ ?

३२ सोधेको प्रश्नको उत्तर नदिँदा शिक्षकले केके कस्तो शब्दहरू प्रयोग गरी गाली गर्नुहुन्छ ?

३३ तपाईँ शिक्षकले दिएको गृहकार्य नियमित गर्नुहुन्छ ?

३४ गर्नुहुन्न भने किन गर्नुहुन्न ?

३५ गर्नुहुन्छ भने गृहकार्यमा ककसले सहयोग गर्नुहुन्छ ?

३६ गृहकार्य शिक्षकले हेर्नुहुन्छ कि हेर्नु हुन्न ?

३७ तपाईँलाई विद्यालयले छात्रवृत्ति दिएको छ ?

३८ छ भने छात्रवृत्तिबाट प्राप्त रकम के काममा खर्च गर्नुहुन्छ ?

३९ विद्यालयमा तपाईंको मिल्ने साथी कुन जातको छन् ?

४० तपाईँ घरमा र विद्यालयमा साथी तथा शिक्षकसँग एकै भाषाको प्रयोग गर्नुहुन्छ ?

४१ फरक भाषा प्रयोग गर्नुहुन्छ भने कुन भाषा सजिलो लाग्छ ?

४२ कक्षामा शिक्षकले कुन भाषामा पढाउनु हुन्छ ?

४३ शिक्षकले पढाउने भाषाबाट तपाईँलाई बुझ्न कत्तिको गाह्रो पर्छ ?

## प्राथमिक तहमा समाहित शिक्षाको अवस्था

## अनुसूची-४

## प्र.अ.का लागि प्रस्तुत गरिएका अन्तर्वार्ता प्रश्नावली :

**नाम :.............   विद्यालयः.........   ठेगानाः ............**

१ तपाईँको विद्यालयमा कुनकुन समुदायका बालबालिका पढ्न आएका छन् ?

२ कुनकुन समुदायका बालबालिकाको पढाइको स्तर कस्तो छ ?

३ बालबालिकाहरू कक्षाकोठामा नियमितरूपमा उपस्थित हुन्छन् कि हुँदैनन् ?

४ हुँदैनन् भने किन हुँदैनन् ?

५ नियमित उपस्थिति नहुने बालबालिकाहरूमा कुन समुदायका बालबालिकाहरूको दर बढी छ ?

६ नियमित उपस्थित नहुने बालबालिकाहरूलाई नियमित गराउन पहल गर्नुभएको छ ?

७ छ भने के गर्नुभएको छ ?

८ छैन भने किन नगर्नुभएको ?

९ तपाईँको विचारमा विद्यालयमा नियमित उपस्थिति गराउन के गर्नुपर्ला ?

१० तपाईँको विद्यालयमा दलित, जनजाति, पिछडिएका र अपाङ्गता भएका बालबालिकाहरूलाई केकस्तो सुविधा दिँदै आउनुभएको छ ?

११ तपाईँको विद्यालयमा समाहित शिक्षाको अवस्था कस्तो छ ?

१२ समाहित शिक्षा लागू गर्न कहाँकहाँबाट केकस्तो सहयोग पाउनुभएको छ ?

१३ विद्यालयमा अभिभावकलाई बोलाउने गर्नुभएको छ ?

१४ छ भने उनीहरूलाई बोलाएर तपाइँ के भन्नुहुन्छ ?

१५ अभिभावकहरू आफैं आफ्ना बालबालिकाका समस्या लिएर आउने गर्नुभएको छ ?

१६ छ भने केकस्ता समस्याहरू लिएर आउनुहुन्छ ?

१७ समाहित शिक्षा लागू गर्दा केकस्ता समस्या आएका छन् ?

१८ ती चुनौतीहरू समाधान गर्न केकस्ता उपायहरू छन् ?

१९ विद्यालयका आम्दानीका स्रोतहरु केके हुन् ?

२०  बालबालिकाको घरको आर्थिक अवस्थाले उनीहरुको शैक्षिक अवस्थामा कस्तो असर पार्छ ?

२१  विद्यालयमा अहिले भएभन्दा अझ राम्रो शिक्षाको गुणस्तर बढाउन कुनकुन क्षेत्रबाट केकस्तो सहयोगको अपेक्षा गर्नुभएको छ ?

२२  समाजमा लैङ्गिक भेदभावको अवस्था कस्तो पाउनुभएको छ ?

२३  लैङ्गिक भेदभावले शिक्षामा कस्तो असर पारेको छ ?

## प्राथमिक तहमा समाहित शिक्षाको अवस्था

## अनुसूची-५

### शिक्षकका लागि प्रस्तुत गरिएको अन्तर्वार्ता प्रश्नावली :

**नाम** :.................. **पद** :............ **तह** :............. **विद्यालयः**.......... **ठेगानाः** ............

१ कक्षामा बालबालिकाहरू नियमित उपस्थित हुन्छन् ?

२ हुँदैनन् भने कुन समुदायका बालबालिकाहरू बढी अनुपस्थित हुन्छन् ?

३ कक्षामा बढी अनुपस्थित हुने बालबालिकालाई के गर्नुहुन्छ ?

४ कुन जातका बढी अनुपस्थित हुन्छन् र किन ?

५ अनियमित भएका विद्यार्थीलाई नियमित गराउन केही पहल गर्नुभएको छ ?

६ छ भने केकस्तो पहल गर्नुभएको छ ?

७ छैन भने किन नगर्नुभएको ?

८ कुनकुन समुदायका बालबालिकाको पढाइ कस्तो छ ?

९ फरकफरक समुदायबाट आएका बालबालिकाहरूलाई एकैठाउँ राखेर कसरी शिक्षण गर्नुहुन्छ ?

१० कक्षामा छात्र र छात्रालाई कसरी राख्नुभएको छ ?

११ कक्षाको पढाइमा तीव्र, मध्यम र निम्न विद्यार्थीलाई कसरी राख्नुभएको छ ?

१२ तीव्र, मध्यम र सामान्य विद्यार्थीहरूलाई कसरी शिक्षण गर्नुहुन्छ ?

१३ शिक्षण गर्दा कुनकुन शिक्षण विधिको प्रयोग गर्नुहुन्छ ?

१४ फरकफरक समुदायबाट आएका र फरकफरक व्यवहार भएका बालबालिकालाई कसरी व्यवहार गर्नुहुन्छ ?

१५ विद्यार्थीहरूलाई केकस्ता शब्दले सम्बोधन गर्नुहुन्छ ?

१६ गृहकार्य नियमित परीक्षण गर्नुहुन्छ ?

१७ विद्यार्थीले गृहकार्य नियमित गर्छन् ?

१८ नियमित गृहकार्य नगर्ने विद्यार्थीलाई के गर्नुहुन्छ ?

१९ नियमित गर्दैनन् भने ती कस्ता बालबालिकाहरू छन् ?

२० नियमित गर्नलाई के गर्नुहुन्छ ?

२१ नियमित गृहकार्य नगर्ने विद्यार्थीलाई के गर्नुहुन्छ ?

२२ विद्यार्थीलाई खेल खेलाउनुहुन्छ ?

२३ खेलाउनुहुन्छ भने छात्र र छात्रालाई कसरी खेलाउनु हुन्छ ?

२४ सबै विद्यार्थीहरू खेल खेल्न रुचाउँछन् ?

२५ रुचि राख्दैनन् भने ती कस्ता विद्यार्थीहरू हुन् ?

२६ रुचि नराख्ने विद्यार्थीलाई के गर्नुहुन्छ ?

२७ रुचि नराख्ने विद्यार्थीलाई कसरी रुचि जगाउनु हुन्छ ?

२८ अतिरिक्त क्रियाकलापमा कुनकुन समुदायका बालबालिकाहरूको सहभागिता बढी छ ?

२९ तपाईंलाई विद्यार्थीको मातृभाषा प्रयोग गर्न आउँछ ?

३० विद्यालयमा मातृभाषामा शिक्षण गर्ने व्यवस्था छ ?

३१ छैन भने फरकफरक मातृभाषा भएका बालबालिकाहरूलाई एकै ठाउँमा राखेर कसरी शिक्षण गर्नुहुन्छ ?

३२ छ भने मातृभाषा कसरी प्रयोग गर्नुहुन्छ ?

३३ बालबालिकाहरूका अभिभावकहरूलाई भेट्ने गर्नुभएको छ ?

३४ छ भने किन ?

३५ छैन भने किन ?

३६ अभिभावकहरू आफ्ना बालबालिकाको समस्या लिएर विद्यालय आउने गर्नुभएको छ ?

३७ छ भने कस्ता समस्याहरू लिएर आउनुहुन्छ ?

३८ ती समस्याहरूलाई तपाईं कसरी समाधान गर्नुहुन्छ ?

३९ शिक्षणसम्बन्धी तालिम लिनुभएको छ ?

४० छ भने केकस्ता तालिम लिनुभएको छ ?

४१ तालिमलाई कसरी व्यवहारमा प्रयोग गर्नुहुन्छ ?

४२ छैन भने तालिम लिन आवश्यक छ कि छैन ?

४३ छ भने किन ?

## प्राथमिक तहमा समाहित शिक्षाको अवस्था

## अनुसूची-६

### अभिभावकका लागि प्रस्तुत गरिएको अन्तर्वार्ता प्रश्नावली :

१ तपाइँका कतिजना छोराछोरी विद्यालय जान्छन् ?

२ सबै छोराछोरी एउटै विद्यालय जान्छन् ?

३ जाँदैनन् भने किन ?

४ छोरीलाई किन सामुदायिक विद्यालयमा पढ्न पठाउनु भएको ?

४ तपाइँको छोराछोरीलाई नियमित विद्यालय पढाउने गर्नुभएको छ ?

५ छ भने किन ?

६ छैन भने किन नपठाउनु भएको ?

७ उनीहरू नियमित नजाँदा उनीहरूको पढाइमा कस्तो असर पर्ला ?

८ पढाइमा आफ्ना छोराछोरीको स्थिति कस्तो छ ?

९ तपाईंलाई विद्यालयको अभिभावक भेलामा बोलाउँछन् ?

१० बोलाउने गरिएको छ भने तपाइँ जानुहुन्छ ?

११ छ भने किन जानुभएको ?

१२ अभिभावकको भेलामा गएर तपाइँ के गर्नुहुन्छ ?

१३ तपाइँको समुदायमा रहेका सबै बालबालिका विद्यालय जान्छन् ?

१४ जाँदैनन् भने कस्तो परिवारका जाँदैनन् ?

१५ छोराछोरीको पढाइको लागि विद्यालयको वातावरण कस्तो भए हुन्थ्यो जस्तो लाग्छ ?

१६ आफ्ना छोराछोरीलाई खाजाको व्यवस्था गर्नुभएको छ ?

१७ आफ्ना नानीहरूको पढाइमा सन्तुष्ट हुनुहुन्छ ?

१८ सुन्तुष्ट हुनुहुन्न भने छोराछोरीको पढाइ कमजोर हुनुको कारण के हो ?

१९ तपाइँका छोराछोरीलाई विद्यालयका शिक्षकले कस्तो व्यवहार गर्नुहुन्छ ?

२० त्यो व्यवहारसँग तपाइँ सन्तुष्ट हुनुहुन्छ ?

२२ हुनुहुन्न भने कस्तो व्यवहार भए हुन्थ्यो ?

२३ तपाईँ लेखपढ गर्न जान्नुहुन्छ ?

२४ तपाईँलाई छोराछोरीले काममा सघाउँछन् ?

२५ सघाउँछन् भने छोराले बढी कि छोरीले बढी सघाउँछन् ?

२६ जीवनयापनका लागि के काम गर्नुहुन्छ ?

२७ परिवारका कतिजना आयआर्जनको काम गर्नुहुन्छ ?

## प्राथमिक तहमा समाहित शिक्षाको अवस्था

## अनुसूची-७

## समूह छलफल निर्देशिका

**विद्यालय र अभिभावकबीचको सम्बन्धको अवस्था**

- समाहित शिक्षा लागू गर्दाका चुनौतीहरू र यसको व्यवस्थापनका उपायहरू ।
- छात्रवृत्ति वितरण र यसको सदुपयोग ।
- शिक्षक-अभिभावक बीचको सम्बन्ध ।
- शैक्षिक सामग्रीको सङ्कलनका उपायहरू र ती सामग्रीहरू शिक्षण क्रियाकलापमा प्रयोग ।
- नवीनतम् शिक्षण विधिको प्रयोग गर्दाका चुनौतीहरू र यसको व्यवस्थापनका उपायहरू ।
- विद्यालयमा मातृ भाषामा शिक्षण गर्दा देखा पर्ने समस्याहरू र समाधानका उपायहरू ।
- विद्यालयको आर्थिक भौतिक र शैक्षिक अवस्था ।
- शिक्षक, विद्यार्थी र प्रअ बीचको सम्बन्धको अवस्था ।
- विद्यार्थी-विद्यार्थीबीचको सम्बन्ध ।